# भगवान बुद्धका आठ विजयहरू, बाह्र कर्म विपाकहरू

तथा

# बोध कथाहरू



*लेखकहरू :*

सयादो उ वामे, सयादो उ ञाउगां, धम्मवती गुरुमां, भिक्षु अश्वघोष र विद्यावती मालविका

https://dhamma.digital

# नेपाली भाषामा प्रकाशित पुस्तकहरू

१) बौद्ध दर्शन
२) पञ्चशील
३) शान्ति
४) बौद्ध प्रश्नोत्तर (प्र.सं.)
५) नारी हृदय
६) पटाचारा स्थविरा चरित
७) बुद्ध शासनको इतिहास, भाग-१
८) नेपाली ज्ञानमाला (प्र.सं.)
९) बुद्ध र उहाँको विचार
१०) बौद्ध ध्यान (प्रथमावृत्ति)
११) लक्ष्मी (प्र.सं.)
१२) उखानको कथा संग्रह (प्र.सं.)
१३) मिलिन्द प्रश्न, भाग-१ (प्र.सं.)
१४) बौद्ध जगतमा स्वास्थ्य सेवा (प्र.सं.)
१५) श्रमण नारद (प्र.सं.)
१६) वेस्सन्तर जातक (प्रथमावृत्ति)
१७) बौद्ध विश्वास, भाग-१
१८) बौद्ध विश्वास, भाग-२
१९) बौद्ध दर्पण (प्र.सं.)
२०) महा सतिपट्ठान विपस्सना अन्तर्मुखी ध्यान (प्र.सं.)
२१) सप्तरत्न धन
२२) महासीहनाद सुत्तं
२३) सफलताको रहस्य (प्रथमावृत्ति)
२४) मानव महामानव, पहिलो भाग (प्र.सं.)
२५) निरोगी (प्र.सं.)
२६) जातक कथा (प्र.सं.)
२७) प्रज्ञा चक्षु
२८) तथागत हृदय (प्र.सं.)
२९) सतिपट्ठान विपस्सना (प्र.सं.)
३०) महास्वप्न जातक (प्र.सं)
३१) परित्राण (तृतीय सं.)
३२) बुद्ध पूजा विधि र कथा संग्रह (प्र.सं.)
३३) मैले बुझेको बुद्ध-धर्म
३४) बुद्धको जीवनी र दर्शन
३५) बौद्ध प्रश्नोत्तर (द्वि.सं.)
३६) १. आमा बुवा र छोराछोरी
२. बुद्ध धर्ममा नारीको स्थान
३७) स्नेही छोरी (प्र.सं.)
३८) मति राम्रो भए गति राम्रो हुन्छ (प्र.सं.)
३९) बुद्ध र बुद्धपछि (प्र.सं.)
४०) १. बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय
२. बुद्धको जन्मभूमि नेपालमा
बुद्ध धर्म प्रति असहिष्णुता (द्वि.सं.)
४१) अनागारिका धम्मवती (प्र.सं.)
४२) बौद्ध-ज्ञान
४३) बुद्ध पूजा विधि र कथा संग्रह (द्वि.सं.)
४४) मिलिन्द प्रश्न, भाग-२
४५) मानव स्वभाव
४६) महास्वप्न जातक (द्वि.सं)
४७) संक्षिप्त बुद्ध जीवनी (पञ्चमावृत्ति)
४८) श्रमण नारद (द्वि.सं.)
४९) श्रमण नारद (तृ.सं.)
५०) मिलिन्द प्रश्न, भाग-१ (द्वि.सं.)
५१) धर्म चिन्तन
५२) बौद्ध ध्यान (द्वि.सं.)
५३) बुद्धको अन्तिम यात्रा, प्रथम भाग (द्वि.सं.)
५४) बौद्ध विश्वास, भाग-३ (प्र.सं)
५५) लक्ष्मी (द्वि.सं.)
५६) सम्यक शिक्षा
५७) बुद्ध पूजा विधि र कथा संग्रह(तृ.सं.)
५८) परित्राण (पाँचौं सं.)
५९) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष
६०) बौद्ध दर्पण (द्वि.सं.)
६१) आर्य शील र आर्य मार्ग (प्र.सं.)
६२) बुद्ध पूजा विधि, कथा संग्रह र
परित्राण (चौथो सं.)
६३) धम्मपद (चौ.सं.)
६४) बुद्ध पूजा विधि र परित्राण (प्र.सं.)
६५) सम्यक शिक्षा भाग-३
६६) बुद्ध पूजा विधि (पाँचौं सं.)
६७) बुद्ध पूजा विधि र कथा संग्रह (छैठौं सं.)
६८) बुद्ध पूजा विधि र कथा संग्रह (सा.सं.)
६९) बुद्ध पूजा विधि र कथा संग्रह (आठौं सं.)
७०) लक्ष्मी (तृ.सं.)
७१) बुद्धको शिक्षात्मक उपदेश (प्र.सं.)
७२) बुद्ध पूजा विधि (नवौं सं.)
७३) क्षान्ति र मैत्री (प्र. सं.)
७४) शान्ति मार्ग
७५) पहिलो गुरु को हो ? (प्र.सं.)
७६) दान पारमिता
७७) बुद्धको संस्कृति र महत्व
७८) बोध कथा र बौद्ध चरित्र
७९) मिलिन्द प्रश्न, भाग-१ (तृ.सं)
८०) संक्षिप्त बुद्ध वंश, भाग-१ (दो.सं.)
८१) चिरं तिट्ठतु सद्धम्मो
८२) संक्षिप्त बुद्ध वंश, भाग-२ (द्वि.सं.)
८३) मिलिन्द प्रश्न, भाग-२ (द्वि.सं.)
८४) महास्वप्न जातक (दो.सं.)
८५) बुद्ध पूजा विधि र कथा संग्रह (तृ.सं.)
८६) चित्त शुद्ध भए जीवन उज्जल हुने छ। (प्र.सं.)
८७) प्रौढ बौद्ध कथा र लक्ष्मी (प्र.सं.)
८८) नक्कली देवता (प्र.सं.)
८९) आमा बुवाको सेवा
९०) बुद्धको मूल उपदेश (प्र.सं.)
९१) शाक्यमुनि बुद्ध
९२) बौद्ध दर्पण (ते.सं.)
९३) मणिचूड जातक (द्वि.सं.)
९४) मानिसलाई असल बनाउने बुद्ध शिक्षा
९५) क्षान्ति र मैत्री (द्वि.सं.)
९६) बुद्ध शासनको इतिहास भाग-१ (द्वि.सं.)
९७) मति राम्रो भए गति राम्रो हुन्छ, उखानको कथा संग्रह (तृ.सं)
९८) महापरित्राण (पालिभाषा) (चौ.सं.)
९९) मातापिताको गुण र बुद्धको सहीबाटो
१००) बौद्ध प्रश्नोत्तर (तृ.सं.)
१०१) संक्षिप्त बुद्ध जीवनी
१०२) बाल उपयोगी संक्षिप्त बुद्ध जीवनी (द्वि.सं.)
१०३) बुद्धको चमत्कार
१०४) बुद्ध पूजा विधि र कथा संग्रह
१०५) मानव महामानव, दोश्रो भाग (प्र.सं.)
१०६) सल्लेख सूत्र (प.सं.)
१०७) बुद्ध र बुद्धपछि (द्वि.सं.)
१०८) सच्च विभङ्ग सुत्त (प.सं.)
१०९) महानारद जातक (प्र.सं.)
११०) कर्तव्य
१११) प्रौढ बौद्ध कथा र लक्ष्मी (द्वि.सं.)
११२) बौद्ध जगतमा स्वास्थ्य सेवा (द्वि.सं.)
११३) परित्राण मूल पालि तथा
नेपाली अनुवाद (सा.सं.)
११४) बुद्ध पूजा विधि र कथा संग्रह
११५) त्रिरत्न वन्दना र परित्राण पाठ
(मूल पालि तथा नेपाली अर्थ निदान)
११६) धर्म उपदेश, भाग-२
११७) श्रमण नारद
११८) सीवली
११९) बौद्ध दर्पण (चौ.सं.)
१२०) बुद्ध पूजा विधि
१२१) आदर्श बौद्ध महिलाहरू
१२२) दश वन्धन (दश संयोजन) (प्र.सं)
१२३) महासमय सूत्र
१२४) भगवान बुद्धको धर्मपुर (प्र.सं.)
१२५) च्याइथीयुको इतिहास
१२६) भगवान बुद्धको आठ विजयहरू र
बाह्र कर्म विपाक (प्र.सं.)
१२७) बुद्ध पूजा विधि
१२८) संक्षिप्त बुद्ध वंश(तेस्रो भाग) (प्र.सं.)
१२९) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको
शनिवारिय कक्षाको विवरण
१३०) आधारभूत बुद्ध शिक्षा
१३१) नेपालका थेरवाद बुद्ध धर्म चुनौती र उपलब्धी
१३२) त्रिरत्न वन्दना र परित्राण पाठ (मूल पालि
तथा नेपाली अर्थ र निदान) र कथा
१३३) स्नेही छोरी (दोश्रो संस्करण)
१३४) बुद्धपूजा र परित्राण पाठ
१३५) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह
(मूल पालि तथा नेपाली अर्थ र निदान)
१३६) त्रिरत्न वन्दना र परित्राण पाठ
(मूल पालि तथा नेपाली अर्थ)
१३७) बुद्धशिक्षा
१३८) आदर्श बौद्ध महिलाहरू (द्वि.सं.)
१३९) तीन सुत्र समूह
१४०) मानव स्वभाव
१४१) महासतिपट्ठान सुत्त (मूल पालि र
नेपाली भावार्थसहित)
१४२) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह
(मूल पालि तथा नेपाली अर्थ र निदान) (दो.सं.)
१४३) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह
(मूल पालि तथा नेपाली अर्थ र निदान) (ते.सं.)
१४४) गृही विनय (पाँचौ संस्करण)
१४५) संक्षिप्त बुद्ध वंश (प्रथम, दोश्रो र तेश्रो भाग)
१४६) संक्षिप्त बुद्ध-जीवनी
१४७) अभिधर्म पालि, पाँचौं संस्करण
१४८) अभिधर्म पालि, छैठौं संस्करण
१४९) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह
(मूल पालि तथा नेपाली अर्थ) तेस्रो संस्करण
१५०) प्रौढ बौद्ध कक्षा
१५१) अभिधम्म (श्रद्धेय धम्मवती गुरुमांको
धम्मदेशनामा आधारित)
१५२) बौद्ध दर्पण, पाँचौं संस्करण
१५३) मति राम्रो भए गति राम्रो हुन्छ (दो.सं.)
१५४) वेस्सन्तर जातक (दो.सं.)
१५५) अभिधर्म पालि (संक्षिप्त पालि र परिचय)
१५६) त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह
(मूल पालि तथा नेपाली अर्थ) चौं.सं.
१५७) गृही विनय (छैठौं संस्करण)
१५८) महास्वप्न जातक (ते.सं.)
**१५९) त्रिरत्न वन्दना र बुद्ध पूजा**
**१६०) भगवान् बुद्धका आठ विजयहरू, बाह्र कर्म विपाकहरू
तथा बोध कथाहरू (ते.सं.)** *(हजुरको हातमा)*

https://dhamma.digital

( पहिलो खण्ड )

# भगवान् बुद्धका आठ विजयहरू

लेखक :

**सयादो उ वामे र सयादो उ ञाउगां**

अनुवाद :

**जवनवती गुरुमां**

( दोस्रो खण्ड )

# भगवान् बुद्धका बाह्र कर्म विपाकहरू

लेखक :

**धम्मवती गुरुमां**

अनुवाद :

**वीर्यवती गुरुमां**

Dhamma.Digital

( तेस्रो खण्ड )

# बोध कथाहरू

लेखक :

**भिक्षु अश्वघोष र विद्यावती मालविका**

अनुवाद :

**माधवी गुरुमां र वीर्यवती गुरुमां**


https://dhamma.digital

प्रकाशक :

**धर्मकीर्ति प्रकाशन**

**धर्मकीर्ति विहार**

श्रीघः, नःघः टोल

फोनः ५३५९४६६

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

आवरण चित्र : **जालनी जङ्गलमा भगवान् बुद्धलाई अङ्गुलिमालले लखेट्दै गरेको दृश्य**

दोस्रो संस्करण : १२०० प्रति

बुद्ध सम्वत् २५६८
नेपाल सम्वत् ११४४
बिक्रम सम्वत् २०८१
ईस्वी सम्वत् २०२४

मुद्रक : न्यू नेपाल प्रेस
१४२ मनकामना मार्ग, नागपोखरी, नक्साल, काठमाडौं
फोनः ४५३३९२९, ४५३४८५०
e-mail: newnepalpress011@gmail.com



https://dhamma.digital

# प्रकाशकीय

प्रस्तुत पुस्तक "**भगवान् बुद्धका आठवटा विजयहरू, बान्ह कर्म विपाकहरू र बोध कथाहरू**" मा चारवटा विभिन्न पुस्तकहरूबाट बुद्ध शिक्षा छानेर प्रस्तुत गरिएका छन्। बुद्ध शिक्षाको संगालोको रूपमा प्रकाशित यस पुस्तक दिवंगत उपासक मचाम महर्जन र दिवंगत उपासिका कृष्ण माया महर्जनको पुण्य स्मृतिमा उहाँका परिवारजनले प्रकाशन गर्नुभएको हो ।

धर्मदान गरी संचित पुण्यले दिवंगत हुनुभएका उपासक उपासिका दुबैजनालाई सुगति सहित निर्वाण हेतु प्राप्त होस्। अनन्त गुणले सम्पन्न आफ्ना मातापिताको गुण स्मरण गरी अमूल्य ज्ञानले भरिएको यस पुस्तक धर्मदान गर्नुभएका उहाँका सपरिवार आयु आरोग्य एवं निरोगी भई बुद्ध शिक्षा पालन गर्दै लौकिक र लोकुत्तर ज्ञान समेत आर्जन गरेर भाग्यमानी बन्न सकुन् भन्ने कामना गर्दछु ।

पुस्तक समयमा नै प्रकाशन गरी आवश्यक सहयोग पुऱ्याउनु भएकोमा न्यू नेपाल प्रेसलाई धन्यवाद सहित साधुवाद व्यक्त गर्दछु । भवतु सब्ब मंगलम् ।

धम्मवती

**भिक्षुणी धम्मवती**

२०८१ कार्तिक

शासनधज धम्माचरिय

अग्गमहागन्थवाचक पण्डित

**अध्यक्ष**

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार**

श्रीघः नःघः, काठमाडौं


https://dhamma.digital

https://dhamma.digital

# दुई शब्द

"**भगवान् बुद्धका आठवटा विजयहरू, बाह्र कर्म विपाकहरू र बोध कथाहरू**" नामक यस पुस्तकमा उल्लेखित बुद्ध शिक्षाहरूलाई चारवटा विभिन्न पुस्तकहरूबाट छानेर समावेश गरिएका छन् ।

सर्वप्रथम त "**भगवान् बुद्धका आठवटा विजयहरू र बाह्र कर्म विपाकहरू**" नामक पुस्तकमा उल्लेखित सम्पूर्ण विषयहरू यस पुस्तकमा समावेश गरिएका छन् । मिति २०७० फागुण महिनामा धर्मकीर्ति प्रकाशनको रूपमा प्रकाशित यस पुस्तकको पहिलो खण्ड भगवान् बुद्धका आठ विजयहरूका लेखक सयादो उ वामे र सयादो उ ञाउगां हुनुहुन्थ्यो भने यसको नेपाली भाषामा अनुवाद जवनवती गुरुमांले गर्नुभएको थियो । यही पुस्तकको दोस्रो खण्ड "**भगवान् बुद्धका बाह्र कर्म विपाकहरू**"का लेखिका श्रद्धेय धम्मवती गुरुमां हुनुहुन्छ भने यसको नेपाली भाषामा अनुवादिका वीर्यवती गुरुमां हुनुहुन्छ ।

त्यसपछि मिति २०५८ सालमा धर्मकीर्ति प्रकाशनको रूपमा प्रकाशित "**बोध कथा र बौद्ध चरित्र**" नाम गरेको श्रद्धेय भिक्षु अश्वघोष महास्थविरबाट लिखित पुस्तकमा उल्लेखित लेखहरू १) भिक्षु आनन्दको बौद्ध चरित्र २) राजा अशोकको बोध कथा ३) जीवक वैद्यको बौद्ध चरित्र आदि यस पुस्तकमा समावेश गरिएका छन् ।


https://dhamma.digital

यसको साथै मिति २०६७ सालमा धर्मकीर्ति प्रकाशनको रूपमा प्रकाशित कुमारी विद्यावती मालविकाबाट लिखित, माधवी गुरुमांबाट नेपालभाषामा अनुवादित एवं वीर्यवती गुरुमांबाट नेपाली भाषामा अनुवादित "**आदर्श बौद्ध महिलाहरू**" पुस्तकबाट "**कृषा गौतमी**" लेख पनि छानेर यस पुस्तकमा समावेश गरिएको छ।

अन्त्यमा भिक्षुणी वीर्यवतीबाट सम्पादित त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह (मूल पालि तथा नेपाली अर्थ र निदान) पुस्तकबाट मैत्री भावना पालि, मैत्री भावना गर्ने विधि र बिघ्न बाधा हटिने सूत्र पनि छानेर यस पुस्तकमा समावेश गरिएका छन्।

यसरी बुद्ध शिक्षाको संगालोको रूपमा प्रकाशित यस पुस्तक दाता परिवारले उहाँहरूका अनन्त गुणवान् माता, पिता (कृष्ण माया महर्जन र मचाम महर्जन) को पुण्य स्मृतिमा धर्मदान गरी पुण्य सञ्चय गर्नुभएको छ। यस पुण्य शक्तिले दिवंगत हुनुभएका दुबै उपासक उपासिकाहरूलाई सुगति सहित निर्वाण हेतु प्राप्त होस् भन्ने कामना रहेको छ।

Dhamma.Digital

यस ज्ञानबर्द्धक पुस्तक अध्ययन गर्नुहुने पाठक वृन्दले प्राप्त गर्नुभएका बुद्ध शिक्षालाई आ-आफ्नो जीवनमा उतार्दै निर्वाण हेतु प्राप्त गर्न सफल होस् भन्ने पनि कामना गर्दछौं।

पुस्तक प्रकाशन गर्नुहुने दाता परिवारले पनि बुद्ध शिक्षालाई दैनिक व्यवहारमा उतार्न सक्षम रहुन् र भाग्यमानी बन्न सकुन्।

*२०८१ कार्तिक।*

**वीर्यवती**
धर्मकीर्ति विहार


https://dhamma.digital

# धर्मदान

अनन्त गुणवान् हाम्रा मातापिताको संक्षिप्त परिचय –

## दिवंगत बुबा मचाम महर्जन

बि.सं. २००२ साल असार महिनाको अष्टमीका दिन टेंगल रक्तकाली वडा नं. १८ मा बुबा पूर्णवीर महर्जन र आमा पूर्णमाया महर्जनको कोखबाट जन्मनुभएको थियो हाम्रा बुबा “मचाम महर्जन”। दुइवटी दिदीहरू र एकजना दाई हुनुहुन्थ्यो उहाँको। उहाँ सबभन्दा कान्छो सन्तान हुनुहुन्थ्यो।

सरल स्वभावका हाम्रा बुबा ज्ञानी र नैतिकवान्‌को रूपमा चिनिन्थ्यो समाजमा। सानै देखि शाकाहारी रहनु भएका उहाँ हाम्रा बुबा मचाम महर्जन प्राणी हिंसाको कट्टर विरोधी हुनुहुन्थ्यो। गुठीगणमा पनि थकाली पदमा आसिन भइसकेपछि प्राणी हिंसा कर्मलाई रोक लगाउन सक्षम हुनुभयो। अति नै मेहनती, मिलनसार, गुणवान्, समाजसेवी, दुःखी समुदायमा उपकारी कार्य गर्दै रमाउने स्वभावको हुनुहुन्थ्यो उहाँ हाम्रा बुबा।

कम मात्रामा पढाई लेखाई गर्न पाउनुभएका भए पनि मेहनती हुनु भएको कारणले उहाँले रगत पसिना बगाई कमाउनु भएको सम्पत्तिलाई केही भाग धर्मकार्य एवं दान कार्यको लागि भनी छुट्टाई पुण्य गर्न रूचाउनु हुन्थ्यो।


https://dhamma.digital

श्रीघः विहार, धर्मकीर्ति विहारमा दिनहुँ पुग्नु भई भन्ते गुरुमांहरूलाई दान दिन पाएर रमाउनु हुन्थ्यो। परेवालाई दाना खुवाउने शोक थियो उहाँमा। श्रीघः विहारमा कथिन दान, आनन्द भूवन विहारमा महापरित्राण पाठ र आफ्नो बासस्थान कालधारामा पनि महापरित्राण पाठ गराई पुण्य सञ्चय गर्नुभयो। ठाउँठाउँमा विहारहरूको निर्माण कार्य र मर्मत कार्यहरूमा आफ्नो श्रद्धानुसार चन्दा प्रदान गर्न रमाउनु हुन्थ्यो भने श्रीघः परिसरको गेट (द्वार) बनाउँदा उहाँले भगवान् बुद्धको मूर्ति पनि स्थापना गरी पुण्य सञ्चय गर्नुभयो।

दुई छोरा र दुई छोरीका पिता हुनुभएका हाम्रो बुबाले हाम्री आमा लगायत सबै छोराछोरीहरूलाई र दुई बुहारीहरूलाई अति माया र सम्मान दिनुहुन्थ्यो। छोराहरूलाई मात्र होइन विवाहित छोरीहरूलाई समेत जग्गा र सम्पत्ति दिएर उपकार गर्नुभएको थियो। छोरा, छोरी र बुहारीहरू मात्र हैनन् नाति नातिनाहरूको पनि भविष्य राम्रो होस् भन्ने कामना राखी आफूले सक्दो उपकारी कार्य गरेर जानुभयो। यसरी परिवारका सबै सदस्यहरूको प्रिय बुबा बन्न सफल हुनुभएका हाम्रो बुबा मिति २०७५ साल बैशाख २५ गते बैशाख पूर्णिमा पछिको अष्टमीका दिन दिवंगत हुनुभयो। उहाँको अनन्त गुणलाई स्मरण गर्दै हामी सबै परिवारले बुद्ध शिक्षायुक्त यस पुस्तक छापी धर्मदान गर्ने मौका पाएकोमा हामीलाई खुशी लागेको छ।

भवतु सब्ब मंगलम्।

*२०८१ साल कार्तिक।*


https://dhamma.digital

## दिवंगत माता कृष्ण माया महर्जन

बि.सं. २००५ साल भाद्र महिनाको कृष्ण जन्माष्टमीका दिन यट्खा बहाल वडा नं. १८ मा बुबा सुकु महर्जन र आमा बेखामाया महर्जनको कोखबाट जन्मनुभएकी हाम्री आमा कृष्ण माया महर्जनको ३ जना दाजुहरू र २ जना बहिनीहरू हुनुहुन्छ ।

नैतिकवान्, मिलनसार, गुणवान् र मेहनती हाम्री आमा कम पढेलेखेकी भएपनि दान दिने, धर्मकार्यमा भागलिने, विहारमा गई बुद्धपूजा गर्ने, धर्मदेशना सुन्ने, आफू र आफ्ना छोरा छोरी नाति, नातिनाहरू सबैलार्य धार्मिक कार्यमा सामेल गराउने चाहना राख्नुहुन्थ्यो हाम्री आमाले । बुबासंग सहमती गरी श्रीघः विहारमा कठिन दान, आनन्द भूवन विहारमा महापरित्राण र आफ्नो घरमा पनि महापरित्राण गराई पुण्य सञ्चय गर्नुभयो । पुण्य कार्यहरूमा उहाँका आमा बुबाहरूको पुण्य स्मृतिमा चन्दा दिन रूचाउनु हुन्थ्यो । आफ्ना दुई छोरा र दुई छोरी, दुईटी बुहारीहरूलाई पनि अति नै माया गर्नुहुन्थ्यो । छोरी र बुहारीहरूलाई समान व्यवहार गर्ने उहाँको राम्रो बानी थियो । छोरा बुहारीहरू मात्र होइन बिबाहित छोरीहरूलाई समेत जग्गा जमीन र गरगहना दिएर नाति नातिनाहरू सबैले दुःख नपावस् भन्ने हेतुले आवश्यक व्यवस्था मिलाउन भ्याउनु भयो ।

बाँचुञ्जेल कुशल चेतनाको कुशल कार्यहरू गरी आखिर बि.सं. २०७८ साल श्रावण १७ गते असार पूर्णिमा पछिको अष्टमीका दिन उहाँ दिवंगत हुनुभयो ।

अनन्त गुणवान् हाम्रा आमा बुबालाई सम्झँदै उहाँहरूको पुण्य स्मृतिमा बुद्ध शिक्षाले भरिएको यस ज्ञानबर्द्धक पुस्तक "**भगवान् बुद्धका आठवटा विजयहरू, बान्ह कर्म विपाकहरू र बोध कथाहरू**"


https://dhamma.digital

छापेर धर्मदान गर्न पाएकोमा हाम्रा परिवारका सबै सदस्यहरूले आफूलाई भाग्यमानी सम्झेका छौं ।

धर्मकीर्ति प्रकाशनको रूपमा यस पुस्तक छाप्ने अनुमति दिनुभएकोमा श्रद्धेय धम्मवती गुरुमांप्रति हामी सपरिवारले आभार व्यक्त गरेका छौं ।

भवतु सब्ब मंगलम् ।

*२०८१ साल कार्तिक ।*

**धर्मदान गर्ने दाता परिवारहरू –**

छोरी – ज्वाईंहरू

**मीनु थापा (मैयां भोजन पुचः), खुसिबुँ**

**बसुदेवी महर्जन – रमेश महर्जन**

छोरा – बुहारीहरू

**रामकृष्ण महर्जन – सबिना महर्जन**

**हरीकृष्ण महर्जन – शर्मिला महर्जन** (कालधारा, कुश्ले चौर)

नातिहरू

**किरण थापा, संजय थापा, दिनेश महर्जन,**
**दीपिका महर्जन, एलिश महर्जन, एन्जिला महर्जन, आर्या महर्जन,**
**एलिना महर्जन सपरिवार ।**

पनातिहरू

कृतिका थापा, काब्या थापा, केन्नेथ थापा, खुसिबुँ


https://dhamma.digital

# मानव

सबथोक छ तैपनि केही गुमाईरहन्छ मानव[२]
हुनु के थियो तै पनि हेर यो के भयो मानव

एकतर्फ छ ईनार त अर्को तर्फ छ खाडल[२]
धारिलो तलवारमा टेकेर हिँड्दै छ मानव

जिन्दगी त सिर्फ यसै नाम हो जिन्दगी[२]
जति सुल्झाए पनि उती नै अल्झिरहन्छ

धागोको गुच्छा जस्तै भइसक्यो मानव तैपनि[२]
धारिलो तलवारमा टेकेर हिँड्दैछ मानव

टाढा देखि लोभ्याउने नजिकै आएपछि घोच्ने[२]
केकट्सको झाडी जस्तै भैसक्यो मानव

सबथोक गर्न सक्छ चाहे जस्तो बन्न सक्छ[२]
मानब हो तर बन्न सकेन हेर मानव।

– **मिनु थापा**
खुसिबुँ लिङ्करोड
योग शिक्षक, पं.यो.स.ने.
मो. ९८४१२७६३४४


https://dhamma.digital

https://dhamma.digital

# समर्पण



दिवंगत उपासक मचाम महर्जन
जन्मः बि.सं. २००२ असार
दिवंगतः बि.सं. २०७५
बैशाख २५ गते, अष्टमी



दिवंगत उपासिका कृष्ण माया महर्जन
जन्मः बि.सं. २००५ भाद्र
दिवंगतः बि.सं. २०७८
श्रावण १७ गते, अष्टमी

https://dhamma.digital

https://dhamma.digital

# पुस्तक धर्मदान गर्ने दाताहरू



छोरी मीनु थापा



छोरी वसुदेवी महर्जन



छोरा रामकृष्ण महर्जन



बुहारी सबिना महर्जन



छोरा हरिकृष्ण महर्जन



बुहारी सर्मीला महर्जन



नाति किरण थापा



नाति संजय थापा

https://dhamma.digital

https://dhamma.digital

( पहिलो खण्ड )

# भगवान् बुद्धका आठवटा विजयहरू

(१) पञ्चमार विजय
(२) आलवक राक्षस विजय
(३) अंगुलिमाल विजय
(४) चिञ्चमाणविका विजय
(५) नालागिरि हात्ती विजय
(६) नन्दोपनन्द नागराजा विजय
(७) सच्चक परिब्राजक विजय
(८) बक ब्रह्मा विजय

**मारं यक्खं गजं चोरं । चिञ्चमानञ्च सच्चकं ॥**
**नागं बकं जिनो । होतु मे जय मङ्गलं ॥**

अर्थ –

यो जिनो– यी आठवटा मारहरूलाई जित्नुभएको कारणले भगवान् बुद्ध विजयी र प्रख्यात हुनुभएको थियो ।

१) **मारं–**

एकसय आठ योजन भएको अद्भूत गिरिमेखल नाम गरेको देवहात्ति चढेर एकहजार बलवान् सेनाहरूका साथ आक्रमण गर्न आएको मारलाई,

२) **यक्खं–**

ऐरावट हात्तिमाथि चढी चारहजार तीनसय तीस भन्दा बढी मानिसहरूलाई एक दिनमा खान सक्ने हेर्दै डरलाग्दो बाहिर


https://dhamma.digital

उछिट्टिएका दाँतहरू सहितका, जिरिङ्ग परेको काला र खैरा कपालहरू र दाह्रि जुंगाका साथ बलवान् शक्ति शाली आलवक राक्षसलाई,

३) **गजं–**

देवदत्तले भगवान बुद्धलाई मार्ने नियत राखी जाँड रक्सी पिलाएर चण्ड बनाइएको नालागिरी नाम गरेको हात्तीलाई पठाएको बेला उक्त राजहात्तिलाई,

४) **चोरं–**

तीन योजन लामो दूरीलाई एकनासले दगुरेर मानिसहरूको चोर औंला काट्दै यसलाई धागोमा उनेर माला लगाउँदै हिंड्ने अंगुलिमाल चोरलाई

५) **चिञ्चमानञ्च–**

भगवान बुद्धले धर्मदेशना गरिरहनु भएको परिषद बिच गर्भवती महिलाको भेषमा आई भगवान् बुद्धलाई उनको श्रीमान्को रूपमा झूठो आरोप लगाउन आएकी दुश्चरित्र स्वभावकी महिला चिञ्चमाणविकालाई,

६) **नागं–**

सुमेरू पर्वतलाई सात फेरा लगाई ढाक्न सक्ने ऋद्धि सम्पन्न अभिमानी नन्दोपनन्द नागराजालाई,

७) **सच्चकं–**

भगवान बुद्धले देशना गरिराख्नु भएको अनित्य दुःख अनात्म रूपी प्राकृतिक नियमको शिक्षालाई मिथ्या शिक्षा भनी दोष दिन आएका सच्चक परिब्राजकलाई,


https://dhamma.digital

८) **वकं–**

सास्वतदृष्टि रूपी गलत धारणले ग्रष्ट ब्रह्मलोक हल्लाउन सक्ने तेजो शक्ति भएका बक ब्रह्मालाई, अजिनि इन्द्रको बज्रजस्तो बुद्धि र शक्तिले जित्नु भयो र दमन गर्नु भयो ।

**तं तेजसा–**

यसरी दमन गर्न सक्नु हुने भगवान् बुद्धको शक्ति र आनुभावले

**मे–मलाई**

**जयमंगल–**

शरीरको भित्री र बाहिरी रोग भय, अन्तराय नाश गरी मङ्गलमय होतु– निश्चय नै होस् ।

## १) पहिलो मार विजय

६ वटा देवलोक मध्ये उच्चस्थानमा पुगेको वसवर्ती देवलोकको मारदेवपुत्रले सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गर्नु भन्दा पहिले उहाँले चारवटा निमित्त देख्नुभएको र गृहत्याग गर्नु भएको बेला देखी नै बाधा पुऱ्याउने कार्य गर्दै आएको थियो ।

नराम्रो दुश्चरित्रबाट युक्त भई मार्गफल निर्वाण लक्ष्यसम्म नपुगी ल्केश युक्त संसारलाई हेर्न रूचाउने मारदेवपुत्रले चार निमित्त देखेर संवेग उत्पन्नभई गृह त्याग गरी निस्कनु भएका सिद्धार्थ कुमारको अगाडि गएर भन्यो–

सिद्धार्थ कुमार ! तिमीले बुद्ध हुनको लागि गर्नु पर्ने सम्झनु पर्ने धर्मका कुराहरू धेरै नै छन् । धेरै गाह्रोपनि छ । नरम स्वभाव कोमल शरीर भएका राजकुमार तिमीले ज्ञान प्राप्तगर्न त्यति सजिलो


https://dhamma.digital

छैन । बुद्धत्त्व प्राप्त गर्न सकिन्छ नै भनि निश्चित नभएको हुनाले दुःख नर्गनु नै वेश होला । तिम्रो बुबा शुद्धोधन महाराजको मायाले बनाई दिएको दरवारमा खुशीसाथ यशोधरा महारानी, नर्टकी केटीहरू संग पञ्चकाम सुख भोग गरी बस्नुहोस् । सात दिन पछि चक्रवर्ती राजाको पद प्राप्त हुनेछ । चार द्वीपको हक भएको चक्रवर्ती राजा हुने निश्चित भएको कारणले फर्केर जानु होला ।

तर पहिला तुसिता देवलोकमा रहनु हुँदा देव ब्रह्माहरूले शुद्धोदन महाराजा र महामायादेवी महारानीको कोखमा जन्म लिइदिनुस् भनी गरेको प्रार्थनालाई स्वीकार गरी स्वेतकेतु बोधिसत्वले सिद्धार्थ कुमारको रूपमा जन्म लिनु भएको थियो । त्यसपछि देवताहरूले प्रस्तुत गरेको चारवटा निमित्तले मनलाई बिचलित पारिदिएकोले त्यागगरेर आउनुभएको हुनाले मारको छेकावटले केही असर पार्न सकेन । उहाँ अगाडि बढी गृहत्याग गर्नु भयो ।

गृहत्याग गरिसकेपछि अनोमा नदीको किनारामा चूडाकर्म गर्नुभयो त्यसपछि घटिकार ब्राह्मणले दान दिनुभएको सुवर्णमय चीवर धारणा गरी उरूवेल वनमा छ-वर्षसम्म तपस्या अभ्यास गर्नुभयो ।

त्यो समयमा बोधिसत्वलाई तप भङ्ग गर्नको लागि मारदेवपुत्र आईपुगे । मारले उहाँलाई कामसुख भोग गर्नकालागि प्रार्थना गरी बाधा दिएपनि बोधिसत्वले यसलाई स्वीकार्नु भएन र मारलाई धपाएर पठाउन सफल हुनुभयो ।

बोधिसत्वले दुश्कर तपस्या अभ्यासलाई मध्यममार्ग अभ्यासमा परिणत गर्नुभयो । इस्वी सम्वत् १०३, बैशाख पूर्णिमा


https://dhamma.digital

बुद्धबार विहानी पख ३५-वर्षको उमेरमा सेन (निगम) गाँउ नेरञ्जन नदीको किनारमा पीपल बोट मुनि सेठकी छोरी सुजाताले दानगरेको क्षीर भोजन खानु भैसकेपछि सुवर्ण थाललाई नेरञ्जरा किनारामा अधिष्ठान गरेर बगाउनु भयो । त्यसपछि सोत्थिय ब्राह्मणले दानगरेको आठ मुट्ठा घाँस महाबोधिबृक्ष मुनि ओछ्याई बस्नुभयो । बोधिज्ञान प्राप्त नहुन्जेल नउठ्ने अधिष्ठान गर्नुभई आनापान सतिपट्ठान भावनालाई अभ्यास गरी बोधिज्ञान प्राप्त गर्नु भयो ।

सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्तगरी बुद्ध होला भनी चिन्तित भएका मारदेवपुत्रले महाबोधि बृक्ष मुनि आठ मुट्ठा घाँसबाट अपराजित आसन उत्पन्न भएर आएको देख्ने वित्तिकै देवलोकबाट देवमार सेनाहरू जम्मागरी बोधिबृक्ष र अपराजित आसनलाई लुट्नकोलागि हमला गर्न आए ।

यही समयमा सिद्धार्थ कुमार बुद्ध हुनु पहिला दिब्यचक्षु र दिब्य श्रोतबाट देख्न र सुनेर थाहा पाउन सक्ने देव ब्रह्माहरू बोधिबृक्ष र अपराजित सुवर्ण आसनतिर जम्मा हुन आउनु भएका थिए । उहाँहरू यसरी हुनुहुन्थ्यो–

१) देवराजा इन्द्रले विजयुत्तर भन्ने शंख बजाएर ।

२) पञ्चसिख देवपुत्रले देव सितार बजाएर ।

३) सुयाम देवपुत्र

४) सन्तुस्सित देवपुत्रले हीराको पंखाले हम्काएर ।

५) सहम्पतिब्रह्माले सेतो छाता ओढाएर ।

६) कालनागराजाले नागकन्याहरू संग नाचेर पूजागर्दै ।


https://dhamma.digital

७) चक्रवालगर्भ १० हजारभित्रका देव ब्रह्माहरूले पनि देव फूल, देब श्रीखण्ड, गन्ध आदि द्वारा पूजागर्दै ।

यही समयमा वसवर्ती मारदेवपुत्र सानो जङ्गल जतिको शरीरहुने गिरिमेखल हात्ति चढेर देवपुत्र मारसेनाहरूसँग विभिन्न किसिमका औजार, हातहतियारहरू लिएर सिद्धार्थ कुमार मेरो आसनबाट हटेर जाउ भन्दै ठूलो ठूलो आवाज निकाल्दै नारालगाएर हातहतियारहरूले प्रहार गरेर हमला गर्न थाले ।

बोधिसत्व सिद्धार्थ कुमारले हे मारदेपुत्र ! यो आसन तिम्रो हो भन्ने प्रमाण देखाउन सक्छौं भनि सोध्नु भएको बेला उसको आफ्नो आसन हो भन्दै मारदेवपुत्र सेनाहरू प्रमाणस्वरूप देखायो र मारदेवपुत्र सेनाहरूले पनि हो भनि स्वीकारे । भगवान बुद्धलाई पूजा अर्पण गरिरहेका देव ब्रह्माहरू पनि मारदेवपुत्रहरूको हो-हल्लाले गरेर बोधिवृक्ष र अपराजित आसनबाट टाढै बसेर पूजा गर्दै थिए । मारदेव पुत्रको आसन हो भनि मारसेनाहरूले प्रमाण उद्घोषणा गरिसकेपछि बोधिसत्व सिद्धार्थ कुमारले यसरी भन्नुभयो ।

Dhamma.Digital

हे मारदेवपुत्र ! म यो महाबोधिबृक्ष अपराजित सुवर्ण आसन र सर्वज्ञ ज्ञान प्राप्त गर्नका लागि धेरै पहिला देखि दशपारमी, शीलआचरण, त्यागचित्त सम्पुर्णलाई वीर्यपारमी जस्ता कुशल कार्यहरू यही धरती पृथ्वी माता माथि बसेर पूरा गरेको थिएँ । त्यसैले मेरा यी कार्यहरूको प्रमाण धरती माता बाहेक अरू छैन । कोहीपनि मेरो निम्ति प्रमाण (साक्षि) राख्नुपर्ने आवश्यक छैन । यो कुशल धर्मको आनिशंस अहिले नै देखिने छ । थाहापाउने छ भनेर दाँयाहातले धरती पृथ्वीलाई औंलाएर देखाउनु भयो ।


https://dhamma.digital

यसरी धरती पृथ्वीलाई औंलाएर देखाउनासाथ कुम्हालेको चक्रजस्तो फनफन घुम्दै बेसरी हल्लिएर साक्षिका रूपमा बस्न आएको बेला मारदेवपुत्रको १२-योजन सम्म भएका सेनागण परिवारहरू रहन सकेनन् । पाँच इन्द्रियहरूलाई राम्रो संग थाम्न नसकी उनीहरूले आफ्नो वास स्थान वसवर्ती देवलोकमा पुग्न नसकी हतार हतार भाग्दै पछाडी हटेर गए ।

भयानक डरलाग्दा मार सेनागणहरू भाग्दै हटेर जानासाथै पूजागर्दै रहनु भएका देव, ब्रह्माहरूले फेरी बोधिसत्व सिद्धार्थ कुमारको अगाडि दर्शन भक्तिभाव अर्पण गर्दै पूजा गरे । बोधिसत्व पनि आनापान सतिपट्ठान भावना लगातार अभ्यास गर्दै जाँदा रातको प्रथम याममा पुब्बेनिवास ञान, रातको मज्झिमयाममा दिब्बचक्खु ञान, विहानी पख सुर्योदयको समयमा पतिच्च समुप्पाद ञानलाई मननगरी स्मृति प्रस्थान विपश्यना ध्यान अभ्यासगर्दै आसवक्खय ञान सँग सँगै सर्वज्ञज्ञानलाई पनि प्राप्त गर्नुभई बुद्धत्व प्राप्तगर्नु भयो । यसरी मारदेवपुत्रलाई जित्नु भयो ।



भगवान बुद्धले मारदेवपुत्रलाई दानबलले जित्नु भएको दृष्य


https://dhamma.digital

## २. आलवक राक्षस विजय

एक दिन भगवान बुद्ध श्रावस्ती नगरको जेतवन विहारमा विराजमान भै रहनु भएको अवस्था थियो । आलवी राष्ट्रको अधिपति राजालाई मृगको मासु खाने इच्छा भएकोले भारद्वाज सेनाहरू सँगै आफ्नो परिधि भित्रको मृगहरू शिकार गर्दै जाँदा राजाको परिधिभित्र परेको एउटा मृग छुटेर भागेछ । राजापनि त्यस मृगको पछि पछि लाग्दा लाग्दै समात्न समर्थ भए । मृगलाई आधापारी बोकेर फर्कि रहेको बेला आलवी देश बाहिर जङ्गलको सिमानातिर ठूलो झ्वाम्म परेका छाँया राम्रो भएको एउटा पिपलको रूख मुनि पुग्यो । सारै थाकिसकेको हुनाले उ रूखको छाँया मुनि सुत्यो । त्यो पिपल रूखको छाँया भित्र पसेका प्राणीहरूलाई खान पाईने अधिकार पाएको आलवक राक्षस नजिक आएर राजालाई खान लागेको बेला राजाले आफुले ल्याएको मृगको मासु दिएर यो मृगको मासु खानुस् मलाई अभय दान दिनु भनि प्रार्थना गरे । तर राक्षसले मृगको मासु पनि खान्छु, तिमीलाई पनि खान्छु भनेर जिद्दी गरेकोले राजाले म आलवी राष्ट्रको राजा हुँ । आज यो मृगको मासुमात्र खाएर मलाई जीवन दान (अभय दान) दिनु । भोलि देखी तिम्रो खानाको लागि एक खड्कुँलो भात र एकजना मान्छे पठाई दिन्छु भनी प्रस्ताव राख्दा आलवक राक्षसले प्रस्ताव स्वीकारेर राजालाई अभयदान दिएर पठायो ।

राजा दरवारपुगेपछि भारद्वाज सेना मन्त्रीहरूसँग छलफल गरेर जेल भित्रका कैदीहरूलाई हरेक दिन एकजनाको हिसाबले पिपलको रूख अगाडि भात पुऱ्याउन दियो । राक्षसको आहार बनेका जेल भित्रका कैदीहरू सबै सखाप भएपछि राती दोबाटो


https://dhamma.digital

दोबाटोमा सुन, चाँदी, वस्त्रको पोको फालेर यी चीजहरू टिप्ने ब्यक्तिलाई चोर भनि समातेर जेलमा थुनेर त्यही ब्यक्तिलाई राक्षस कहाँ खाना पुऱ्याउन पठाए ।

यी कुराहरू जनताहरूले थाहा पाएपछि राती बाटोमा फालेका सुन, चाँदीको पोकोहरू कसैलाई टिप्ने हिम्मत भएन । त्यसपछि राक्षसलाई खाना पुऱ्याउने कैदीहरू कोही भएन । त्यसपछि उमेर पुगेका बुढा बुढीलाई पठाउन खोज्दा जनताहरूले यस कार्यहरूलाई विरोध गरे । त्यसैले भरखर जन्मेका नवजात बालकलाई समात्दै राक्षसको आहार बनाउन थाले ।

त्यही कारणले गर्भवती आमाहरू आफ्ना बालकहरूको सुरक्षाको लागि आलवी राष्ट्रमा बस्न डराएर टाढा टाढा भागेर लुकी बसे । त्यसैले राक्षसको लागि आहार बनाउन कोही बालक उपलब्ध भएन । देशमा जनताहरू संग एउटा पनि बच्चा नभई सुन्य हुन थाल्यो । पछि बच्चाको नाममा नै राजदरवारमा रहेको राजाको छोरा राजकुमार एकजना मात्र बाँकि रह्यो ।

Dhamma.Digital

राक्षसलाई खाना पुऱ्याउन जाने भारद्वाज मन्त्रीहरू मध्ये पुऱ्याउने पालो परेको मन्त्रीले एकदिन अगाडि नै भोली राक्षसलाई खुवाउन राजकुमारलाई पुऱ्याउने पालो भएको कुरा राजा समक्ष प्रार्थना गऱ्यो । राजा यसलाई स्वीकार्न वाध्य भयो ।

त्यस समयमा श्रावस्ती सहर स्थित जेतवन विहारमा विराजमान भैरहनु भएका तथागत बुद्धले आलवक राक्षस र प्राणीहरूले ज्ञान सुनी मुक्तिको मार्ग प्राप्त गर्ने कुरा थाहा पाउनु भएर एक्लै आलवी राक्षसको विमान भित्र पस्नुभयो ।


https://dhamma.digital

त्यो बेला आलवक राक्षस देव सभामा गईरहेको थियो । बुद्धले द्वारपाल गद्रभ राक्षसलाई आलवकको कक्षमा विमानभित्र एकदिन आराम लिनको लागि स्वीकृति माग्नु हुँदा द्वारपाल राक्षसले भन्यो "भगवान शास्ता ! आलवक राक्षस असाध्यै रिसालु कठोर र जङ्गें स्वभावको छ । अहिले उ देव सभामा गैरहेको छ । भगवान शास्ता ! उहाँले तपाईंलाई मन पराउने छैन । आदर गर्ने छैन । हजूर लाई भय अन्तराय आउन सक्छ । त्यसैले तपाईं यहाँ बास बस्न उचित हुने छैन ।" यो कुरा सुनी भगवान बुद्धले भन्नुभयो –

"द्वारपाल गद्रभ ! आलवक राक्षसको भय अन्तरायबाट म डराउँदिन । तिमीले यहाँ बस्न अनुमति मात्र दिनु ।" द्वारपाल गद्रभले भन्यो "भगवान शास्ता ! तपाईलाई मैले रोक्न सक्दिन । यदि तपाई यहाँ नै वास गर्छु भन्नु हुन्छ भने एकछिन पर्खनुस् देवताहरूको सभामा गएर मैले आलवक राक्षस सँग स्वीकृति लिएर आउँछु ।" यति भनी उ आलवक राक्षस कहाँ गयो । तथागत बुद्धपनि आलवक राक्षसको विमान भित्र पसेर आसनमा बस्नुभयो । उहाँले राक्षसनी परिवारहरूलाई उपदेश दिई उद्धार गरिरहनु भयो । मुक्तिको मार्ग देखाई रहनु भयो ।

सभामा आएका हेमवत राक्षस र सातागिरि राक्षसहरू आलवक विमान माथिबाट नाघेर जान सकेन । त्यसैले यस्तो किन भयो भनि त्यहाँबाट तल झरेर हेरेको बेला उनीहरूले तथागत शास्ता बुद्धलाई देखे । उनीहरूले भगवानलाई दर्शन गरेर फेरि शभामा पुगे । उनीहरूले आलवक राक्षसलाई भन्न थाल्यो–

"भो मित्र राक्षस ! तिमी भाग्यमानी छौ । तिम्रो विमानमा तथागत बुद्धले बास गरिरहनु भएको छ । यहाँबाट छिटो फर्केर


https://dhamma.digital

जानुभई बुद्धलाई दर्शन गरी पूजा अर्पण गर्नुस् ।" यो कुरा गरिरहेको बेला द्वारपाल गद्रभ राक्षसले आलवक भवनमा भगवान् बास गराउन स्वीकृति माग्न आयो । यो कुरा सुनी आलवक राक्षस असाध्यै रिसाएर आफ्नो विमान तर्फ फर्केर उपदेश दिइरहनु भएको बुद्धलाई मनपरि गालि गर्नथाल्यो । किसिम किसिमका हात हतियारहरूले प्रहार गर्नथाल्यो ।

तर आलवकले प्रहार गरेको हात हतियारहरू तथागत शास्ताको चरण कमलमा पूजाको सामाग्री बन्न पुग्यो । सेतो कपडाको रूपमा बुद्धको खुट्टा पुछ्ने कपडा हुन पुग्यो । आलवक राक्षसले यसरी हतियार प्रहार गरेर पनि जित्न नसकेको बेला उसले भगवान बुद्धलाई उसको विमानबाट निस्केर जानु भनी आदेश दिन थाल्यो । उसको यस आदेश सुनी भगवान बुद्ध विमानबाट बाहिर जानुभयो ।

भगवान् बुद्ध बाहिर जानु भएपछि फेरि भित्र आउनु भनी आदेश दिए । यसरी भित्र बाहिर गर्दै पाँच छ पटक गरिसके पछि फेरि बाहिर जान आदेश दिएको बेला तथागत बुद्धले भन्नुभयो "आलवक ! म अब बाहिर निस्कने बेलामा मेरो दुई खुट्टाहरूलाई समातेर समुद्रतिर फाल्ने बिचार गरिरहेको होइन र ? त्यसैले अब म बाहिर जाँदिन । आलवकले भन्यो- "त्यसो भए म प्रश्न सोध्छु । यसको जवाफ दिन सक्यौं भने तिमीलाई बाहिर जान दिन्छु" यति भनी आलवकले आफ्नो आमा बुबाहरूले सिकाई राखेको प्रश्न सोधेको बेला तथागत बुद्धले एक एक गरी सबै प्रश्नको जवाफ ठीक तरीकाले दिनुभयो जसले गर्दा आलवक राक्षसले ज्ञान हासिल गर्न समर्थ भयो ।


https://dhamma.digital

यहि समयमा आलवी राष्ट्रका राजाको छोरालाई आलवी राक्षसको आहारको रूपमा मन्त्री भारद्वाजहरूले चढाउन ल्याएको रहेछ । आलवक राक्षसले पनि बुद्धको उपदेश सुनेर मुक्ति मार्गको पहिलो खुड्किलो श्रोतापन्न फल प्राप्त गरिसकेको रहेछ । त्यसैले उसले राजकुमारलाई नखाईकन बुद्धको पाउमा चढायो ।

तथागत बुद्धले पनि उक्त राजकुमारलाई मन्त्री भार द्वाजहरूको हातमा सुम्पिएर यसलाई राम्रो पालन पोषण गर्नु भनी आज्ञा हुनुभयो । राजकुमारलाई आलवक राजकुमार भनी नामाकरण पनि गर्नु भयो ।

भगवान बुद्धको पनि भिक्षा जाने समय भएकोले उहाँ फर्केर जानुभयो । आलवक राक्षसले बुद्धको पात्र चीवरहरू समातेर बीच बाटो सम्म कप्पियकारकको कर्तब्य पालन गरी पुऱ्याउन जानु भयो । अनि उहाँले यसरी भन्यो "भगवान शास्ता ! मलाई हजुरको चेला भनि सम्झनु होस्" यति भनी उहाँ आफ्नो विमानमा फर्कनु भयो ।



भगवान बुद्धले आलवक राक्षसलाई क्षान्ति बलले दमन गरेको दृष्य



https://dhamma.digital

## ३. नालागिरि हात्ती विजय

बुद्ध र वहाँका भिक्षु शिष्यहरूमध्ये समथ ध्यानलाई अभ्यास गरी अभिज्ञा ज्ञानहरूलाई प्राप्त गरेको पृथकजन भिक्षु देवदत्त (भगवान बुद्धको नातेदारभाई) ले बुद्धवाहेक आफु मात्र शक्तिवान् र धेरै लाभसत्कार प्राप्त ब्यक्ति हुन इच्छा गरेको थियो । उसलाई धेरै इष्ट, मित्र र चेला चेलीहरू बटुलेर बस्ने मन थियो । तर उसको मनको इच्छा पूरा भएन । किन भने देवदत्तले भिक्षु हुनुभन्दा अगाडि नै लौकिक ध्यान समथध्यानले ऋद्धि शक्ति मात्र हाँसिल गरिराखेको थियो ।

देवदत्त सँग सँगै प्रव्रजित भएका शाक्य कुलका राजकुमार हरूलाई भक्तिगर्न आउने ब्यक्तिहरू धेरै भएकोले लाभ सत्कार पनि धेरै थियो । उनीहरू धेरै प्रख्यात थिए । तर देवदत्तले कुनै लाभ सत्कार र ख्याती प्राप्त गर्न सकेको थिएन । उसलाई ख्याल गरी बोलचालगर्ने दाताहरू दुर्लभ भएकोले बुद्धको दाँजोमा पुग्न आफ्नो सहमत दिने दाताको रूपमा अजातशत्रु राजकुमारलाई आफ्नो अधिनमा ल्याउने बिचार गऱ्यो ।

देवदत्त अजातशत्रु राजकुमार बस्नुहुने राजगृह शहर जानुभई राजकुमारको भेष लिएर शरिरमा छ वटा अजिंगर (सर्प)ले बेरी अजातशत्रु राजकुमार सुत्ने कोठामा आकाशमार्गबाट आई झ्यालमा उभिएर देखाउनु भयो । अजातशत्रु राजकुमार भयभित भई तिमी को हौ ? भनेर सोधेको बेला बुद्धको सालो देवदत्त भएको बताईसकेपछि राजकुमारको भेष र सर्पहरू लोपगरेर आफ्नो मूल रूप देखाए ।


https://dhamma.digital

अजातशत्रु राजकुमार देवदत्तको ऋद्धिलाई आश्चर्यपूर्वक हेरी उनी प्रति प्रसन्न, खुशी, हुँदै श्रद्धा पूर्वक चतुप्रत्ययदायक भई देवदत्तकहाँ दिन दिनै रथबाट गई मन्त्री परिषद् सँगै ५०० पटक भोजन दान गरी पूजा गरे ।

अजातशत्रुले धेरै पूजा सत्कार गरेकोले देवदत्त घमन्डी हुँदै उसमा मात्सर्यपन बढ्दै आयो । उसले अजातशत्रुलाई आफ्नो पिता बिम्बिसारलाई मारेर राजगद्दी हातमा पारी राजा बन्न सल्लाह दिनथाले । देवदत्त आफैले पनि बुद्धलाई मारी बुद्धहुने विचार गर्नथाल्यो । अजातशत्रु राजकुमारको मद्दत लिई देवदत्तले धनुष विद्याबाट पारंगत भएका चारजना व्यक्तिहरूलाई भगवान बुद्ध आउनु हुने बाटोमा बसी बुद्धलाई मार्ने आदेश दिए । तर यो कार्य सफल भएन । त्यसपछि भगवान बुद्ध चंक्रमण गरिरहनु भएको बेला गिज्झकुट पर्वत माथिबाट ठूलो चट्टान (ढुङ्गा) खसालेर उहाँलाई मार्ने कुचेष्टा गरेपनि यस कार्य पनि सफल हुन सकेन । अन्तिममा भयानक बदमास जनावर खटाएर मार्न लगाउने विचार गरे । अजातशत्रुसंग सल्लाह लिई नालागिरि हात्तीको माहुतेलाई बोलाएर नालागिरिलाई दिनको कति गाग्री रक्सी पिलाउन सकिन्छ भनी सोध्यो । माहुतेले आठ वटा गाग्री रक्सी पिलाउँछु महाराज ! भने ।

त्यसो भए भोलि यसलाई दिन दिनै भन्दा बढी सोह् (१६) गाग्री रक्सी पिलाएर श्रमण गौतम भिक्षाटन आउने बाटोमा छोडीदिनु भनी देवदत्तले आदेश दिए ।

देवदत्तको यो कुविचारलाई थाहा पाएका भगवान बुद्धका शिष्यहरूले बुद्ध समक्ष आई प्रार्थना गर्न थाले–"भगवान शास्ता ! भोलि राजगृह सहरभित्र भिक्षा नजानु होला । भिक्षु देवदत्तले


https://dhamma.digital

नालागिरि हात्तीलाई रक्सी पिलाएर हजूरलाई मार्ने कोशिस गर्दै छ । त्यसैले भोलि हामीहरूले विहारमै भोजन दान गर्न आउने छौं । भिक्षा नजानुहोला ।" उनीहरूको यस प्रार्थनालाई सुनी भगवान बुद्धले केही जवाफ नदिईकन चूप लागेर बस्नुभयो ।

भोलि पल्ट बिहान सबेरै भगवान शास्ता नालागिरि हात्तीलाई लक्ष्य गरी धेरै प्राणीहरूले ज्ञानप्राप्त गर्ने कुरा थाहा पाउनु भएकोले राजगृह सहरभित्र परेको अठार (१८) वटा विहारका भिक्षुहरू सबै लाई आफ्नो पछि राखेर भिक्षाटन जानु भयो ।

अजातशत्रु र देवदत्तले पनि माउतेले सोह्र गाग्री रक्सी पिलाई राखेको नालागिरिलाई भिक्षाटन आई राख्नु भएको बुद्धको अगाडि छोडि दियो । भगवान बुद्धसँगै भिक्षा आईराख्नु भएका भिक्षुहरू सारिपुत्र र आनन्दलाई चिन्ता लागेकोले भगवानको अगाडि बसेर रक्षा गर्न प्रार्थना गर्नुभयो ।

पछि भिक्षु आनन्दले भगवान बुद्धलाई बचाई आफु मर्ने निर्णय गरेर बुद्धको अगाडि उभिनु भयो । बुद्धको ऋद्धिले भिक्षु आनन्दलाई पछाडि पुऱ्याएर नालागिरि हात्तीलाई ओदिस्सक मैत्रीभाव गरी मीठो र मधूरो बोलिले भन्नुभयो–

"हे नालागिरि ! तिमीलाई सोह्र गाग्री रक्सी पिलाएर देवदत्तले मनपरि आदेश गरे जस्तै अगाडि बढेर म कहाँ आउ" नालागिरि निन्द्राबाट ब्युँझे जस्तै भयो । उनले भगवान बुद्धको सुन्दर रूपलाई दर्शन गर्न पाउँदा संवेग उत्पन्न भएर बुद्धको तेजो शक्तिद्वारा रक्सी लागेको वेहोशीपन हटेर गयो र सुंडलाई तल झारेर दुवै कान हल्लाउँदै समिप आएर पाऊ पऱ्यो ।


https://dhamma.digital

अनि बुद्धले नालागिरि हात्तीलाई भन्नुभयो "तिमी अहेतुक तिरिक्षण प्राणी हौ । म बुद्धरूपको हात्तीराजा भएँ । प्राणीहरूको धेरै हित उपकार हुने काम गरेर आएको छु । यसरी तिमीले पनि प्राणीहरूको हित उपकार हुने काम गर्नु । रूद्र बदमास भई अरूहरूलाई मार्ने काम नगर्नु । सबै प्राणीहरूलाई सुखी हुने मैत्री युक्त चित्तले मेहनत गर्नु । यसरी उपदेश दिनुभई दाँया हातले टाउको र सुंडलाई सुमसुम्याउनु भई मैत्री भावनाको उपदेश दिनु भयो ।

उपदेश सुनिसकेपछि जनताले मुक्तिमार्ग देशना सुनी कोमल मनले नालागिरि हात्तीप्रति माया, ममता उत्पन्न गर्दै मैत्रीभावना अभ्यास गरे । अनि मूल्यवान् कपडा, हारहरू हात्तीलाई बकस दिई नालागिरि हात्तीलाई धनपाल हात्ती नामाकरण गरे । त्यसपछि नालागिरि बुद्धको उपासक हात्ती बन्यो ।



भगवान बुद्धले नालागिरि हात्तीलाई मैत्री बलद्वारा जित्नु भएको दृष्य


https://dhamma.digital

## ४. अंङ्गुलिमाल

श्रावस्ती सहरको कोशलराजाको राज्यकालमा राजपुरोहितकी श्रीमतीले छोरो जन्माएको बेला देशभरिका शस्त्र अस्त्र हातहतियारहरू चम्किएको र टल्किएको रहेछ । बच्चा जन्मिएको बेला शस्त्र, अस्त्रहरू चम्केकोले नक्षत्र हेर्ने शास्त्रीहरूले ग्रह दशा हेरेको रहेछ । ग्रह दशा हेर्दा त्यो वच्चा अवश्यमेव बदमास चोर हुनेछ भन्ने कुरा थाहा पाए । पछि राज पुरोहितले कोशल महाराजा कहाँ चाकरी गएको बेला आज जन्म भएको मेरो छोरो ठूलो भएपछि बदमास, गुण्डा, चोर हुने भएकोले अहिले सानो बेलामै खत्तम पार्नु बेश हुनेछ भनी प्रार्थना गऱ्यो ।

यो बच्चा एउटा मात्र बदमास, गुण्डा, चोर हुने की यसको समूह मिलेर देशलाई नै हानी हुने गरी बदमास चोर हुने भनेर कोशलमहाराजाले सोधेको बेला ब्राह्मणले समूह जम्मा भएर देशलाई हमला गरेर बदमास, चोर, हुने होइन । आफु एक्लै मात्र बदमास भएर आउनेछ भनेर जवाफ दियो । यस्तो जवाफ सुनी कोशलराजाले त्यसो भए यो बच्चालाई खत्तम गर्ने केही जरूरत छैन भनी आज्ञा दिनु भयो । ब्राह्मण बुढा बुढीले आफ्नो छोरो बदमास, चोर हुन नदिन यसलाई अहिंसक भनेर नामाकरण गऱ्यो ।

अहिंसक हुर्कंदै आएपछि उसलाई तक्षशिलामा दिशापा मोक्ख गुरूकहाँ (गुरूकुल) मा बिद्या हाँसिलगर्न जिम्मा लगाई दियो ।

अहिंसकले राम्ररी बिद्या अध्ययन गरेपछि गुरूको मनपर्ने विद्यार्थी भए । उसले गुरूहरूको सेवा टहल गर्ने घरको काम पनि


https://dhamma.digital

आफुले हेरेर गर्न जान्ने भएपछि गुरूकी श्रीमती गुरूमांले पनि उसलाई माया गर्ने र विशेष ख्याल गर्न थालिन् । यसरी अहिंसक तीखो बुद्धि सहितको भई उसलाई गुरूले प्रशंसा गरेको देखेर उसलाई मन नपर्ने शिष्य चेलाहरूलाई ईर्ष्या हुन थाल्यो । त्यसैले उनीहरूले अहिंसकले गुरूआमासंग नराम्रो व्यवहार गऱ्यो भन्दै गुरूकहाँ चुक्ली गर्न थाल्यो । पहिला त गुरूलाई यस विषयमा विश्वास थिएन । बारम्बार कुरा काट्न थालेपछि गुरूलाई पनि हो जस्तो लाग्न थाल्यो । श्रीमती माथि शंका लागेर चेलालाई षडयन्त्र गर्दै सबै बिद्या हाँसिल गर्नको लागि मानिसको एक हजार औंला गुरू दक्षिणा चढाई गुरू पूजा गरेमात्र बिद्या पूरा हुन्छ भनि पठाए । अहिंसक पनि गुरूले आज्ञा हुनुभएको गुरू दक्षिणा औंलाले पूजा गर्नको लागि जङ्गल भित्र पसेर उक्त जङ्गल भित्र पसेका यात्रु समाती मारेर चोर औंला काटेर माला गाँसी औंलाको माला लगाउँदै हिंड्ने भयो । त्यसैले उसको नाम अहिंसकबाट अङ्गुलिमाल हुन पुग्यो ।

त्यो अङ्गुलिमालको कारणले धेरै यात्रुहरू र ब्यापारीहरू घाएते भए, नाश, मृत्यु भए । यस दुर्घटनालाई मानिसहरूले सहन नसकी दरवारभित्र पसेर राजालाई अङ्गुलिमाललाई हताई दिन उजूर गऱ्यो । कोशल महाराजाले पनि भोलि आफुनै गएर समाट्ने आज्ञा दिनु भयो ।

त्यो समयमा अङ्गुलिमालसंग (९९९) नौ सय उनान्सय वटा चोर औंला जम्मा भैसकेकोले एउटा औंलामात्र आवश्यक भैरहेको समय थियो । अङ्गुलिमाललाई कोशलमहाराजा आफै जानु भएर समात्छ भन्ने खबर सुन्नासाथै छोराको पीर परेर आमा मन्तानी


https://dhamma.digital

ब्राह्मणी बिहान सबैरै उठेर अङ्गुलिमाल चोर लुकेर बसेको जालिनी जङ्गलभित्र पसेर छोरालाई भेट्न गइन् तर भेट्टाउन सकिनन् । अनि उनीले आफ्नो छोरा अंङ्गुलिमाललाई बोलाउँदै ठूलो स्वर निकालेर कराउँदै भन्न थालिन्–

“छोरा ! कोशलमहाराजा आफै आउनुभई तिमीलाई समात्न आउँदै छ । लुकेर बस्नु ।”

यो समय अङ्गुलिमालको छिपेको पारमीलाई जान्नु हुने तथागत बुद्ध जालनी जङ्गलतर्फ जानुभई मन्तानी ब्राह्मणीको अगाडि चंक्रमण ध्यान भावना अभ्यास गरिराख्नु भयो । एउटा मात्र चोर औंलाको खोजीमा हिंडेको अङ्गुलिमालले आमाको स्वर सुन्नासाथै आमाको स्वर भनि थाहा पाएपनि आफ्नो बिद्या पूरा पार्ने इच्छाले आमाको पछि लागी आमाको चोर औंला काटेर लिने विचारले दगुर्‍यो । अङ्गुलिमालले आमाको अगाडि अपरिचित ब्यक्तिलाई देखेको बेला त्यही अपरिचित ब्यक्ति तर्फ मन फर्केर आमाको सट्टा यो श्रमणको चोर औंला काटेर लिन्छु भनेर भगवान बुद्ध तर्फ फर्केर दगुर्‍यो ।

त्यसो भएपनि तथागत बुद्धको ऋद्धिले बुद्धको अगाडि नै जान नसकी श्रमण रोक्नु होला, रोक्नु होला भनी ठूलो आवाज निकाल्दै कराएको बेला तथागत बुद्धले भन्नुभयो “म दौडेको छैन तिमीमात्र दगुरिरहेका छौ । तिमीमात्र रोकेर उभिनु पर्ला” यति आज्ञा गर्नु भएको कुरालाई गजव भई हे श्रमण ! तिमी दौडिरहेर पनि उभिराखेको भनेर किन झूठो बोलेको भनी अंङ्गुलिमालले प्रश्न गर्‍यो । तथागत बुद्धले भन्नुभयो–


https://dhamma.digital

"मसंग अरूहरूलाई हत्यागर्ने आदि अकुशल कर्महरू नष्ट भइसकेको हुनाले मेरो मन अटल छ । म उभिराखेको भन्नुको पहिलो कारण संसारमा नरोकिकन एकैनास गईराख्नुपर्ने मेरो यात्रा बाटो अन्त्य भैइसकेको हुनाले मैले फेरि जानु पर्दैन । त्यसैले म उभिराखेको र दौडिरहेको छैन भनेको । अर्को कारण तिमी मात्र मान्छे मार्ने आदि दुश्चरित्र १०-वटा थाम्न नसकी दगुर्दै छौ । म शान्त भै सकें भनी उपदेश धर्म देशना गर्नु भयो । पारमी भैसकेको हुनाले अङ्गुलिमालले ज्ञान बुझी हातहतियारहरू हातबाट त्यागेर घुँडा टेकेर आफुलाई रक्षा गर्न प्रार्थना गरेपछि तथागत बुद्धले "एहिभिक्खू" अर्थात आऊ भिक्षु भनि सम्बोधन गरी बोलाउनु भएपछि साठि (६०) वर्ष उमेर पुगेको महाथेर जस्तो गृहस्थ जीवनमा भिक्षुत्व भाव ग्रहण गऱ्यो ।



भगवान बुद्धले अंगुलिमाललाई ऋद्धिवलद्वारा जिन्तु भएको दृष्य


https://dhamma.digital

## ५. चिञ्चमान विजय

तथागत गौतम बुद्धको भाग्य र पुण्यको कारणले श्रावस्ती सहर भरिका मानिसहरूले वहाँलाई भोजन निमन्त्रणा गरी पूजा अर्पण गर्ने गर्थे । बुद्धधर्मको धेरै चहल पहल र प्रख्याती भैरहेकोले ईर्ष्या युक्त भावना सहितका तिर्थंकर गुरूहरूले तथागत बुद्धलाई गलत आरोप लगाउने षड्यन्त्र रचिरहेका थिए ।

तिर्थंकरहरूको चेलीहरू मध्ये एकजना असाध्यै राम्री, सुन्दरी, माया, परियाय कुरा गर्न जान्ने चिञ्चमान नाम गरेकी एउटी केटीलाई तथागत बुद्धसंग शारीरिक सम्बन्ध भएको जस्तो नाटक गर्न लगाए ।

चिञ्चमान बेलुकी पख तथागत बुद्ध विराजमान हुने जेतवन विहार तर्फ जाने गर्न थाल्यो । यो दृष्य तथागत दर्शन गरेर फर्केका श्रद्धालुहरूले देख्नेभयो । “चिञ्चमान जेतवन विहारभित्र पसेर केहिबेर पछि नजिकको तिर्थंकर गुरूको विहारमा गएर राती सुतेर विहानी पख उठेर आएर फेरि जेतवन विहारमा पसेर मूल ढोकाबाट निस्केर घर फर्कने गर्न थालिन् । त्यो बेलापनि बिहान तथागत बुद्धलाई दर्शन गर्न आउनेहरूले देख्ने भयो । धेरैको विचारमा चिञ्चमान जेतवन विहारमा बेलुकी सँधै आएर सुत्ने होला भन्ने मनमा लागोस् भन्ने विचारले नै यसरी नाटक खेल्न थालिन् । यसरी धेरै मानिसहरूले यस विषयमा नराम्रो सोची कुरा काट्न थाले । एकदिन चिञ्चमानले एउटा पिर्का (काठ) लाई कछुवाको जिउको खोलजस्तो आकार बनाउन दिएर चारैतर्फ डोरीले कसेर आफ्नो पेटमा बाँधेर तथागत बुद्धले धर्म उपदेश


https://dhamma.digital

गरिरहनु भएको सभामा गएर तथागत बुद्धलाई चोर औंलाले औंल्याउँदै काम तृष्णा भोग गर्न जान्ने श्रमण गौतम ! तिमीबाट रहन गएको यो गर्भ (तिम्रो बच्चा) कहाँ गएर जन्माउने ? गर्भ पाको हुने बेलामा अनाथपिण्डिक महाराजलाई आगो बाल्नको लागि काठ तयार पार्न लगाउनु पऱ्यो । विशाखा सेठनीलाई पञ्चतत्व, बेसारहरू खोज्न लगाई राखेपनि भयो । तिम्रो ती चेलाहरूलाई यस्तो अवस्थामा यति काम अह्राउन नसके तिमी काम नलाग्ने भयौ भन्दै परिषदहरूको मनमा संका उत्पन्न हुने गरी भगवान बुद्धलाई आरोप र दोषारोपण गर्न थालिन् । बुद्धि नभएका, तुच्छ बुद्धि, बहुश्रुत नभएका केहि मानिसहरूले चिञ्चमानलाई करूणा दृष्टिले हेरेर बुद्ध प्रति नराम्रो संका गर्न थाले । बुद्धिमान बुद्धिजीविहरू, धर्ममा बहुश्रुत हुने व्यक्तिहरूले बुद्धको गुण स्मरण गरी चिञ्चमानको आरोपलाई विश्वास गरेनन् । बुद्धप्रति झन अगाढ श्रद्धा र भाव राखी पूजा गरी रहे ।

मैत्री करूणाले पूर्ण भएको तथागत बुद्धले चिञ्चमान तिम्रो यो आरोप सत्य हो की असत्य हो यस विषयमा तिमीलाई र मलाई मात्र थाहा छ । यति भन्नु हुँदै चिञ्चमान प्रति मैत्री भावना गर्नुभयो । त्यस बेला पण्डुकम्बल पन्नाको आसन हल्लेर आएको कारण देवराजा इन्द्रले मनुष्यलोकमा के भएछ भनेर हेर्नु हुँदा कारण सबै बुझेर चारजना दूत लोकपाल देवताहरू बोलाएर उनीहरूले गर्नु पर्ने कामहरू नियम पूर्वक बताई तथागत बुद्धको उपदेश भैरहेको ठाउँमा पठाउनुभयो ।

चर्तुमहाराज देवताहरू मूसाको भेष लिई चिञ्चमानको पेटमा बाँधेको पिर्काको डोरीहरू काट्न थाल्यो । फलस्वरूप


https://dhamma.digital

चिञ्चमानको पेटमा बाँधि राखेको पिर्का खसेर उपदेश सुनिरहेका श्रद्धालुहरूले चिञ्चमानको नाटक थाहा पाए । पछि उनीहरूले चिञ्चमानलाई घिसार्दै बिहार बाहिर पुऱ्याउनासाथ भूमि फाँटेर उनी जमीन मुनि ढसेर गइन् ।



भगवान बुद्धले चिञ्चमानलाई शान्ति बलद्वारा जित्नुभएको दृष्य

Dhamma.Digital


https://dhamma.digital

## ६. सच्चक परिब्राजक विजय

तथागत गौतम बुद्धको जीवनकालमा बैशाली सहरलाई राज्य गरिरहेका लिच्छवीहरूमा विचार विमर्स तर्क, वाद विवाद गर्ने आश्चर्यपूर्ण विषयमा उपदेश दिने व्यक्तिहरूलाई प्रशंसा गर्ने, भक्ति गर्ने बानी थियो ।

एकदिन नयाँ विषयमा विचार, विमर्स तर्क र वाद-विवादको लागी एउटा कार्यक्रम आयोजना गरेको थियो । यो वाद-विवाद कार्यक्रममा पुरूष तिर्थंकर एकजना र महिला तिर्थंकर एकजना बिच वाद-विवाद भएको थियो । त्यस कार्यमा पुरूष तिर्थंकरहरूको पाँचसय प्रश्नहरूको जवाफ महिला तिर्थकंरहरूले दिन नसके जस्तै महिला तिर्थकंरहरूको पाँचसय प्रश्नहरूको जवाफ पनि पुरूष तिर्थकंरहरूले दिन सकेनन् । त्यसैले दुवैतिर हार जीत नभएकोले लिच्छिवी राजकुमारहरूले ती दुई जना महिला पुरूष तिर्थंकंरहरूलाई विवाह गरिदिएर उनीहरूलाई भाव भक्ति गर्दै बसे । ती तिर्थंकंर दुईजनाबाट सच्चा, लोला, अवधारिका, पटिच्छा नामका छोरी चारजना र सच्चक नाम गरेको एकजना छोरा जन्म भयो ।

यी पाँच भाई बहिनीहरूले बुबाको तर्फबाट पाँचसय वाद, आमाको तर्फबाट आएको पाँचसय गरी जम्मा एकहजार वाद पारंगत हुनेगरी शिक्षा सिके । उमेर पुगेपछि आमा-बुबाले ! छोरा छोरी हो अहिले हामीले सिकाएका वाद एक हजार लिएर जम्बु द्विप घुम्दै वाद-विवाद गरेर आफु भन्दा उच्च शिक्षा सिकेको ब्यक्तिसँग वाद-विवाद गर्दा उक्त वाद-विवादमा यदि आफु हारेछ भने गृहस्थी भएर उसँगै विवाह गर्नु । श्रमण भिक्षु भए उसँगै चेला


https://dhamma.digital

बनी भिक्षु भएर जानु भनि खटाइ दियो । छोरी चारजना आमा-बुबाहरूले भने जस्तै यात्रा गर्दै गए । प्रज्ञामा उच्च भएको सानो छोरा सच्चक दिदीहरूसँग नगईकन लिच्छवीहरूको भाव भक्ति र पूजा-लिएर गुरू भएर बसे । सच्चक परिब्राजकको चार दिदीहरू ठाउँ ठाँउमा यात्रा गरी वाद-विवाद गर्दै जाँदा जहिले पनि उनीहरूको मात्र जीत हुन थाल्यो । अन्तिममा तथागत गौतम बुद्धको दायाँ हात, प्रज्ञामा एकदग्ग प्राप्त गर्नु भएका भिक्षु सारिपुत्र महास्थविर सँग भेट भई वाद-विवाद गर्दा उनीहरूले हारे पछि उप्पलवण्णा थेरी कहाँ गई उनीहरू भिक्षुणी प्रव्रज्या प्राप्त गरी बुद्धिमती भए अनुसार थोरै समयमै ज्ञान प्राप्त गरी अरहन्त हुनु भएका थिए ।

सानो भाई सच्चक परिब्राजक लिच्छवी राजकुमारहरूको विद्या सिकाइदिने राजगुरू भई धेरै भोग सम्पत्तिले सम्पन्न भई सुखपूर्वक बसिरह्यो । उसले सिकिराखेको उसको बुबाको वाद पाँचसय र आमाको वाद पाँचसय बिद्या उसको शरीरबाट बाहिर फुटेर नजाओस् भन्ने हिसाबले उसको पेटलाई फलामको पाटाले बेरेर आउने जाने गर्थ्यो ।

एक दिन वैशाली सहर भित्र भिक्षाट्न गर्न आउनु भएका अस्सजित महास्थविर सँग भेट भएको बेला सच्चक परिब्राजकले गौतम बुद्धले आफ्नो चेलाहरूलाई कुन धर्म देशनाको आधार लिएर उपदेश दिनु हुन्छ भनेर सोध्यो । अस्सजित महास्थविर भन्तेले पाँच स्कन्ध, दुई नाम रूप धर्महरू, अनित्य दुःख र अनात्मा आदि तिन लक्षणहरूलाई औंलाई उपदेश दिनु हुन्छ भनेर जवाफ दिनु भयो ।


https://dhamma.digital

त्यसबेला सच्चक परिब्राजकले भन्यो "हे अस्सजित सुन्नलाई नै लायक र योग्य छैन । श्रमण गौतम यसरी उपदेश दिंदै हिँड्छ भनेर सुनेको धेरै भैइसक्यो ।" एक दिन उनीहरूले भिक्षु अस्सजित हीन एवं मिथ्यादृष्टी धर्म उपदेश गर्दैछ भनी अस्सजित महास्थविरलाई आलोचना गरी पठाएछ । अस्सजित महास्थविर पनि सच्चकको कुरा सुनेर केही प्रतिकृया नगरी सच्चक परि ब्राजकलाई हेरी आफ्नो इन्द्रियलाई बसमा राखी सरासर भिक्षाटन जानु भयो ।

सच्चक परिब्राजक लिच्छवी राजकुरमारहरूको अदालतमा गई हे लिच्छवी राजकुमारहरू! सबै निस्केर आउनु अहिले नै बैशाली सहर बाहिर महावन जङ्गल भित्र विहारमा विराजमान भै रहेका श्रमण गौतमसँग वाद-विवाद र छलफल गरेर हामीले जितौं । सवैलाई बोलाएर महावन जङ्गल भित्र शास्ता बुद्ध कहाँ गए ।

उनीहरू महावन जङ्गलमा तथागत बुद्ध दिन दिनै नुहाउने रूखमुनि गएर अस्सजित महास्थविरलाई सोधेको प्रश्न नै सोध्दै भन्न थाल्यो–

"श्रमण गौतम ! तिम्रो चेला श्रावकहरूलाई कुन देशनाको आधार लिएर उपदेश दिनु हुन्छ ?" शास्ता बुद्धले भन्नुभयो "सच्चक परिब्राजक ! पाँच स्कन्धखण्ड दुई नाम रूप धर्महरू अनित्य दुःख, अनात्मा आदि धर्महरूलाई भावनागरी तीन लक्षणद्वारा अत्त होइन, अनत्त मात्र हो भनेर मैले उपदेश दिने गर्छु ।" भगवान बुद्धले यसरी जवाफ दिनुहुँदा सच्चक परिब्राजकले पाँच स्कन्ध खण्ड, दुई नाम रूपहरू अन्त भैरहेको केही उपमा देखाएर फेरि जिद्दी गरेर झगडा गर्न थाल्यो ।


https://dhamma.digital

यस समयमा गौतम बुद्धले अत्त नभएको आज्ञा हुनु भए अनुसार सच्चक परिब्राजकले पनि लोक संसारमा अत्त मात्र ठिक भन्दै आफुले जाने जति शिक्षा प्रस्तुत गरी वादविवाद गर्दै झगडा गऱ्यो ।

यस बेला तावतिंस देवलोकका देवराज इन्द्रले राक्षस रूप लिएर रातो बलिरहेको आगोको ज्वाला भएको बज्र हतियार लिएर सच्चक परिब्राजकलाई तर्साएको बेला बुद्धले आज्ञा हुनुभएको अनत्तवादलाई स्वीकारेर आफ्नो पराजित स्वीकार गर्दै तथागत बुद्धको चेला श्रावकको रूप ग्रहण गरे । भोलि विहानको लागि भोजन निमन्त्रणा गरेर फर्किए ।



भगवान बुद्धले सच्चक परिव्राजकलाई प्रज्ञा वलले जित्नु भएको दृष्य



https://dhamma.digital

## ७. नन्दोपनन्द नागराजा विजय

एकदिन अनाथपिण्डक महाराजले भगवान बुद्धलाई "भोलि मेरो घरमा संघहरू सहित तपाईं भोजन आउनु" भनी प्रार्थना गर्नु भएको बेला भगवान् बुद्धले मौन धारण गरी स्वीकार गर्नु भयो ।

अर्को दिन विहानी पख बुद्धले ज्ञान प्राप्तगर्ने प्राणीहरूलाई दिब्यचक्षुबाट प्रत्यवेक्षण गर्नु भएको बेला नन्दोपनन्द नागराजालाई देख्नु भयो । त्यसैले उहाँ भिक्षुसंघहरूलाई जम्मा गरी तावतिंस देवलोक तिर आकाश मार्गबाट जानु भयो । नन्दोपनन्द नागराजाको विमानतिर पुगेको बेला भगवान बुद्ध नन्दोपनन्द नागराजाले देख्ने गरी विमान माथिबाट नाघेर जानु हुँदा भिक्षुसंघहरूको पाइतालाको धूलो नागराजाको टाउकोमा परेछ । नागराजा पनि त्यो दिन विशेष मनोरञ्जन गरी बाजा, गाजा बजाउँदै नाच, गान गर्दै सजिएर देव भोजन र देव अमृत खानलाई तयार गर्दै थियो । त्यसैले रिसाउँदै उसले बुद्ध प्रमुख भिक्षुसंघहरू र सुमेरू पर्वतलाई आफ्नो शरीर फुलाउँदै सात पटक बेरेर बसेछ । भिक्षुसंघले यो कुरालाई थाहापाए पछि भिक्षु आनन्दले भगवान बुद्ध समक्ष नागराजालाई दमन गर्न प्रार्थना गरी स्वीकृति माग्नुभयो । तर बुद्धले स्वीकृति दिनु भएन । बाँया हात हुनु भएका भिक्षु मौद्गल्यायन महास्थविरले प्रार्थना गर्नु भएको बेला स्वीकृति दिनु भयो ।

अरहन्त हुनु भैसकेका भिक्षु मौद्गल्यायन महास्थविरले पनि नागराजाले भन्दा पनि भयंकर ठूलो नागराजाको भेष निर्माण गरी नन्दोपनन्द नागराजलाई १४-पटक बेरेर शुमेरू पर्वतलाई च्यापिराख्यो ।


https://dhamma.digital

आफुभन्दा ठूलो भई आफुलाई सुमेरू पर्वतले च्यापेर ल्याएको थाहा पाई नन्दोपनन्द नागराजाले आगोको ज्वाला निकालेर धुँवा फैलाउन थाल्यो। पछि मौद्गल्यायन महास्थविरले पनि त्यसको भन्दा पनि झन बढी कडा रूपले आगोको ज्वाला निकालेर ल्याएको बेला नागराजाले सहन सकेन। उसले तिमी को हौ भनेर सोधेको बेला "म भगवान बुद्धको बाँया हात मौद्गल्यायन महास्थविर हुँ भनि आज्ञा हुनु भयो। अनि मौद्गल्यायन महास्थविर आफुले धारणा गरिराखेको नागराजाको रूप त्यागी आफ्नै भेष बदलेर नागराजाको मुखबाट पेटभित्र पसेर चक्रमण गरेर बस्नु भयो।

यसबेला नन्दोपनन्द नागराजाले मौद्गल्यायन महास्थविर लाई आफनो दाह्रा विचमा पारी मार्न हे मौद्गल्यायन महास्थविर ! मेरो पेटमा बसि मलाई दुख्ने वेदना हुने गरी नचल्नु बाहिर निस्कनु भन्यो। मौद्गल्यायन महास्थविर निस्केको बेला मौद्गल्यायन महास्थविर मरोस् भन्ने बिचारले धेरै कडाखालको धूँवा फैलायो। मौद्गल्यायन महास्थविरले पनि त्यो भन्दा कडा धूँवा निकालेको बेला नागराजाले सहन नसकी भाग्न थाल्यो। मौद्गल्यायन महास्थविर पनि गरूड भेष लिई नागराजालाई लखेटेर समातेर ल्यायो। त्यो बेला केहि गर्न नसकि नागराजा भेषबाट मानव भेष लिई नागराजाले भन्यो "हजूर मेरो गुरू हुनु भयो।" त्यति भनी मौद्गल्यायनको शरणमा पर्दै हार मान्यो मौद्गल्यायन महास्थविरले पनि तिम्रो गुरू म होइन। मेरो शरण पर्ने होइन। बुद्धको शरणमा जाउ भनी तथागत बुद्धकहाँ लगी दर्शन गरायो।

नन्दोपनन्द नागराजालेपनि तथागत शास्तालाई भगवान शास्ता ! तपाई मेरो गुरू हुनु भयो। तपाईंको भक्ति गर्ने मौका प्राप्त


https://dhamma.digital

भयो । तपाईंको शरणमा छु भनी प्रार्थना गरेर भगवान बुद्धको भक्त उपासक हुनु भयो ।

भगवान शास्ता बुद्धले पनि "तिमी (नागराजा) पनि सुखी, निरोगी भई बस्न सकुन् भनी आर्शिवाद दिनु भई अनाथपिण्डिक महाजनको घरमा भोजनको लागि भिक्षुसंघहरूसंग जानु भयो ।



भगवान बुद्धले नन्दोपनन्द नागराजालाई ऋद्धि बलले दमन गर्नु भएको दृष्य




https://dhamma.digital

## ८. बक ब्रह्मा विजय

एक समय तथागत शास्ता (भगवान बुद्ध) उक्कट्ठ (उक्कट्ठ) नगरको सुभोग भन्ने जङ्गलमा एक्लै सालको रूख मुनि बिराजमान हुनुभएको थियो । त्यस बेला उहाँले प्रथम ध्यान भूमि (भवन) मा बस्नुभएको बक ब्रह्माको अयोग्य बिचार धाराहरूलाई थाहा पाउनु भयो।

प्रथम ध्यान भूमिमा प्रकट भैरहेको बक ब्रह्माले त्यस समयमा यसरी मिथ्या धारणा लिइरहेको थियो। म र म सँगैको यो ब्रह्मलोक नित्य छ। हामीहरू बसेको यो भूमि (भवन) ब्रह्मलोक कहिलै नाश हुने छैन।" बक ब्रह्माको यी गलत बिचार धारणाहरूबाट उसलाई मुक्त गर्न भगवान् सुभोग जङ्गलभित्रको सालको रूख मुनि बाट बक ब्रह्मा विमान तिर ऋद्धिवलले पुग्नु भयो ।

भगवान बुद्धलाई देख्नुभएको बेला बक ब्रह्माले बाटो हेर्नुभई स्वागत गर्दै भन्यो-"भगवान शास्ता आउनुस्, पाल्नुस्, हजूर पाल्नुभएको राम्रो भयो यो विमान नित्य छ। कहिलै नाश नहुने विमान हेरी हजूर पहिल्यै आउनु पर्ने थियो। धेरै नै ढीला मात्र आउनुभयो । यो विमानमा बस्ने कोही पनि बुढा (जरा) हुने छैन । रोग लाग्ने छैन। मरण भय छैन। उच्च योग्य विमान भनेको यही विमान मात्र हो । अर्को विमानमा यस्तो गुण छैन । बुढा हुने, रोग लाग्ने, मर्ने भयबाट मुक्त हुन सक्ने गुण अर्को विमान र भवनमा हुन्दैन । यो विमान भवन उच्च, योग्य भएकोले यहिं विराजमान भएर बस्नु ।" उसको यस्तो भ्रमपूर्ण धारणालाई सुनी भगवान् बुद्धले भन्नुभयो–

"हे बक ब्रह्मा ! तिम्रा यी विचारधाराहरू गलत छन् । यो ब्रह्मलोकको विमानको साथ साथै देवलोक मनुष्यलोक सबै लोकहरू संङ्खार स्वभाव धर्मको रूपले नित्य छैन । आयु लामो


https://dhamma.digital

भैरहेको हुनाले मात्र कहिल्यै कुनै अवस्थामा पनि नविग्रिने, मरण नहुने भनेर तिमीले गलत सम्झिरहेका छौ । यो धारणा मिल्दैन । तिम्रो त्यो गलत विचार धारणालाई हट्‌एर पठाउ ।”

बुद्धले दिनुभएको अनित्य, दुःख, अनात्मा विषयका धर्मदेशनाहरु बकब्रह्माको कानमा पसेन । स्वीकार पनि नगरिकन उसको धारणा नै ठीक छ भन्ने विचार लिइराखे । त्यसैले बुद्धले नित्य भनेको निर्वाणमार्ग मात्र हो । अर्को मार्गहरू अनित्य हो भनि उपदेश दिनुभयो । बक ब्रह्माले भगवान बुद्धले सोध्नुभएको प्रश्नको जवाफ पनि दिन सकेन । पछि भगवान बुद्धसंग ऋद्धि देखाएर जीत हार हेर्ने निर्णय गऱ्यो । बक ब्रह्मा खुशी भएर भगवान बुद्धले नदेख्नेगरी आफ्नो शरीर लोपगर्न बारम्बार कोशिस गरेतापनि भगवान बुद्धको शक्तिले लोप गर्न सकेन । त्यसपछि तथागत शास्ताले आफ्नो शरीर सानो पारेर लोप गरी बक ब्रह्माको आँखीभौं माथि चंक्रमण गरेर ऋद्धि देखाउनु भइ बकब्रह्मालाई दमन गर्नुभयो ।


भगवान बुद्धले बक ब्रह्मालाई ज्ञानवलद्वारा जित्नु भएको दृष्य


https://dhamma.digital

( दोस्रो खण्ड )

# भगवान् बुद्धका बाह्र कर्म विपाकहरू

भगवान बुद्धले धर्मको परिभाषा सरल रूपमा यसरी दिनु भएको छ–

**"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं एतं बुद्धानुसासनं"**

*अर्थात्–*

"सबै पापकर्म नगर्नु, असल एवं हितउपकारी
कार्य मात्र गर्नु र आफ्नो चित्तलाई
शुद्ध गर्नु, यही नै बुद्धहरूको शिक्षा हो ।"

संसारको त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) एवं चतुआर्य सत्य (दुःख, दुःख समुदय सत्य, दुःख निरोध सत्य, एवं दुःख निरोध गामिनी प्रतिपदा आर्य सत्य) लाई भित्री मनले बुझ्न नसकेको कारणले हामी गलत धारणा, गलत सोचाई, र गलत विचारमा परी वेहोशी बन्न पुग्छौं । फलस्वरूप राग, द्वेष र मोहको वसमा परी हामीले अरूलाई दुःख हुने, अकुशल कार्य गर्न पुग्छौं । यसका प्रतिफल हामीले दुःखरूपी कर्मफल भोग्न वाध्य भइरहेका हुन्छौं । त्यसैले भगवान् बुद्धले बताउनु भएको शिक्षालाई अध्ययन गरी प्रज्ञा रूपी ज्ञानको आँखाले सम्यक दृष्टि अर्थात् ठीक सोचाईलाई अपनाउन सकेको खण्डमा जन्म मरण चक्रबाट नै मुक्त हुने भाग्य प्राप्त गर्न सक्नेछौं । त्यसको लागि हामीले बुद्ध शिक्षाका तल उल्लेखित ५ वटा खुड्किलाहरू पार गर्न अत्यावश्यक देखिन्छ ।


https://dhamma.digital

१) **कम्म सकता सम्यक दृष्टि–**

कम्म सकता सम्यक दृष्टि भएको व्यक्तिले कर्म र कर्मफल विषयमा विश्वास गर्छन् । आफूले गरेको राम्रो र नराम्रो कार्यको फल आफैले भोग्नु पर्दछ भन्ने प्राकृतिक नियमलाई भित्री मनले नै बुझी आफूलाई र अरूलाई पनि हीतोपकार हुनेकार्य मात्र गर्नेछ ।

२) **ध्यान सम्यक दृष्टि–**

ध्यान सम्यक दृष्टि भएको व्यक्तिले आफ्नो चित्तलाई असल (कुशल) कार्यमा लगाउने र खराब (अकुशल) कार्यबाट टाढा राख्ने अभ्यास गरिरहेको हुन्छ । चित्तको वसमा नगई चित्तलाई आफ्नो वसमा राख्न सकेमा मात्र शान्ति प्राप्त हुँदो रहेछ भन्ने सत्य तथ्य प्राकृतिक नियमलाई उसले भित्री मनले बुझेको हुन्छ ।

३) **विपश्यना सम्यक दृष्टि–**

विपश्यना सम्यक दृष्टिको तहमा पुगेको व्यक्तिले क्षण क्षणमा आफ्नो शरीर (रूप) र आफ्नो चित्त (नाम) लाई अलग्ग, अलग्ग छुट्टाएर हेर्न सक्ने क्षमता प्राप्त गरेको हुन्छ ।

४) **मार्ग सम्यक दृष्टि–**

मार्ग सम्यक दृष्टि प्राप्त गरिसकेको व्यक्तिले आफ्नो चित्तबाट क्लेश हटाई लोकोत्तर मार्ग प्राप्त गरेको हुन्छ ।

५) **फल सम्यक दृष्टि–**

फल सम्यक दृष्टि प्राप्त गरिसकेको व्यक्तिले क्लेश नाश गरी लोकोत्तर फल (आध्यात्मिक शान्ति) को रसलाई अनुभव गरिरहेको हुन्छ ।


Dhamma.Digital
https://dhamma.digital

यसरी आर्य अष्टाङ्गिक मार्गहरू मध्येको प्रथम मार्ग सम्यक दृष्टि जुन व्यक्तिमा विद्यमान हुन्छ, त्यस व्यक्तिले वाकी रहेका अन्य सातवटा आर्य मार्गहरूलाई स्वतः प्राप्त गरेको हुन्छ । त्यसैले जुन व्यक्तिले माथि उल्लेखित सम्यक दृष्टिको पाँचवटा तहले पारङ्गत हुने सौभाग्य प्राप्त गर्छ, उसले सम्पूर्ण सांसारिक दुःखबाट मुक्ति प्राप्त गरी भाग्यमानी बन्न सक्दछ ।


तर जब सम्म सम्यक दृष्टिबाट अलग्ग रहने छ, तबसम्म हामी भवचक्रमा अल्मलिएर कुशल र अकुशल कर्मफलको भागीदार बन्दै फल भोग्नको लागि बाध्य भई दुःखकष्ट भोगिरहनुपर्ने हुन्छौं । आफूले रोपेको कर्मको फल भोग्ने संयोग मिलिसकेको भए अरहन्त भइसकेका पवित्र निक्लेशी व्यक्तिले समेत त्यस कर्मफल भोग्नु नै पर्ने प्रकृतिको नियम रहेको छ। यसलाई स्वयं बुद्धले समेत पन्छाउन नसकिने रहेछ । उदाहरणको लागि शाक्यमुनि बुद्धले समेत १२ वटा कर्म विपाक भोग्नु भएको प्रमाण यहाँ प्रश्न उत्तरको रूपमा प्रस्तुत गर्न सान्दर्भिक ठानेकी छु ।

शाक्यमुनि बुद्धले भोग्नु भएको १२ वटा कर्म विपाक र त्यसका कारणहरू यसरी रहेका छन्–

**प्रश्न नं.** १

सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्नका लागि अर्थात् बुद्ध हुनका लागि गृहत्याग गर्नु भएपछि उरूबेल बनमा आफ्नो शरीरलाई अति कष्ट हुने गरी छ बर्ष सम्म दुस्कर चर्या गर्नु परेको थियो । कुन कर्म विपाकको कारणले उहाँले यस्तो दुःख भोग्नु परेको होला ?


https://dhamma.digital



जोतिपाल ब्राह्मण हुनुभएको जन्ममा बोधिसत्वले वचनद्वारा अपराध गर्नुभएको दृष्य

**उत्तर–**

काश्यप बुद्ध बन्नु भएका बोधिसत्त्वले बुद्ध हुनु अगाडि छ दिन दुष्कर तपस्या गर्नु भएको कुरा जोतिपाल (भविष्यमा शाक्य मुनि बुद्ध हुने) बोधिसत्त्वले सुनेर अज्ञानता वस अभिमान रूपी क्लेश चित्त प्रयोग गरी यसरी बोल्नु भएको थियो–

“छ दिन त के मैले छ वर्ष सम्म पनि तपस्या गर्न सक्छु।” यसरी अभिमान रूपी क्लेश चित्त प्रयोग गर्नुभएको अकुशल कर्मको बीऊले सिद्धार्थ बोधिसत्त्वको जन्ममा उहाँले छ वर्ष सम्म कठोर दुष्कर चर्या गर्नु भएपछि मात्र बोधिज्ञान प्राप्त गरी शाक्य मुनि बुद्ध बन्न सफल हुनुभएको थियो ।


https://dhamma.digital



जोतिपाल ब्राह्मण भएको अवस्थामा गरेको वची कर्मको विपाकको कारण सिद्धार्थले ६ वर्ष सम्म दुस्कर चर्या गर्नुपरेको दृष्य

**प्रश्न नं.२**

चिञ्चमान नाम गरेकी एक महिलाले नक्कली गर्भवती बनी सभामा विराजमान हुनुभएका शाक्य मुनी बुद्धलाई उनको श्रीमान् हुनुभएको आरोप लगाउन पुगेकी थिइन् । बुद्ध जस्तो निक्लेशी एवं पवित्र व्यक्तिले समेत किन यस प्रकारको निन्दनीय झूठो आरोप खेपी निन्दित हुनु परेको होला ?



नक्कली गर्भवती बनेकी चिञ्चमानले शाक्यमुनी बुद्धलाई उनको श्रीमान् हुनु भएको झुठो अराप लगाउँदै


https://dhamma.digital

**उत्तर–**

एक समय बोधिसत्त्व (भविष्यका शाक्य मुनि बुद्ध) मदिरा सेवन गरी विस्मृति बनेका थिए । त्यही समय उनले पिण्डाचारको लागि पाल्नु भएका एक अरहन्त भिक्षुलाई हेला गर्दै यसरी दुर्वचन प्रयोग गरेका थिए–

"आयो हेर ! शील भ्रष्ट ब्यभिचारी !" यसरी एक परिशुद्ध आर्य पुद्गललाई झूठो आरोप लगाउन पुगेको अकुशल एवं निन्दनिय कर्मको फल शाक्यमुनि बुद्ध हुनुभएको पवित्र जीवनमा समेत झूठो आरोप खेपी निन्दित बन्नु परेको थियो ।



अरहन्त भिक्षुलाई अपशब्द प्रयोग गर्दै बोधिसत्व (भविष्यका शाक्यमुनी बुद्ध)

**प्रश्न नं. ३**

तिर्थंकरहरूकी शिष्या सुन्दरी परिव्राजिका जेतवन विहारमा दिनहुँ पुगी शाक्यमुनी बुद्धकी श्रीमती हुँ भन्दै लोकको अगाडि झूठो हल्ला प्रचार गर्दै हिंडेकी थिइन् । यसरी पवित्र शाक्यमुनी बुद्ध सुन्दरी


https://dhamma.digital

परिव्राजिकाको कारणले पनि लोक निन्दित हुन परेको थियो । यो कुन कर्म विपाकको कारण होला ?



मुनाली बोधिसत्वले प्रत्येक बुद्धलाई फरुस वचन प्रयोग गर्दै


**उत्तर–**

एक समय मुनालि नामक बोधिसत्त्व (भविष्यको शाक्य मुनि बुद्ध) ले एकजना प्रत्येक बुद्धलाई "दुराचारी आयो भनी फरूस वाक्य प्रयोग गरेको थियो । यही अकुशल वचन प्रयोग गरेर आएको कर्म विपाकको कारणले उहाँ भगवान् बुद्ध जस्तो पवित्र व्यक्ति हुनु भएपनि कर्म विपाक भोग्ने संयोग जुरेको कारणले गर्दा लोकद्वारा निन्दित हुनुपर्ने फल भोग्नु परेको हो ।


https://dhamma.digital

**प्रश्न नं. ४**

सुन्दरी परिव्राजिकालाई तिर्थकंरहरूले हत्या गरी जेतवन विहार प्राङ्गणको खाल्डोमा पुर्न लगाएका थिए । त्यसपछि उनी परिव्राजिकालाई भगवान् बुद्धले हत्या गरी आफ्नो दुराचार कार्य छोप्नका लागि उक्त खाल्डोमा पुरेर लुकाइराखेको हो भनी ती तिर्थकंरहरूले भगवान बुद्ध माथि झूठो आरोप लगाएका थिए । यसरी कुन पापको कारणले भगवान् बुद्ध जस्तो शुद्ध, निर्दोष व्यक्तिले पनि यस्तो झूठो लाञ्छना एवं दोषारोपण सहनु परेको ?



सुन्दरी परिव्राजिकालाइ तिर्थकरहरूले हत्यागरी
जेतवन विहार प्राङ्गणमा फालिएको दृष्य


**उत्तर–**

बोधिसत्त्व (भविष्यको शाक्यमुनि बुद्ध) एक जन्ममा ऋषि प्रव्रज्या हुनु भएको थियो । एकदिन आकास मार्गबाट उडेर आउनु


https://dhamma.digital

भएको अर्को ऋषिको शक्ति देखी आफूसंग त्यस्तो शक्ति नभएको कारणले ईर्ष्यायुक्त चित्त उत्पन्न भएर उहाँप्रति यसरी झूठो आरोप लगाउनु भएको थियो ।

"कसैलाई हत्या गरी भागेको होला ।" यसरी निर्दोष ऋषिलाई झूठो आरोप लगाई आएको फलस्वरूप यस जीवनमा उहाँले आफुमाथि आइपरेको झूठो आरोप खेप्न परेको हो ।




ऋद्धिवान ऋषिलाई झूठो आरोप लगाउँदै बोधिसत्व

**प्रश्न नं. ५**

तथागत (शाक्य मुनि बुद्ध) गृद्धकुट पर्वत माथि जानुहुँदा देवदत्तले उहाँलाई हत्या गरी उ बुद्ध बन्ने कुनियत राखी बुद्धलाई ढुंगाले प्रहार गरेको थियो । यसरी भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि अरूको प्रहारलाई थाप्नुपर्ने कुन विपाकको कारण होला ?


https://dhamma.digital



देवदत्तले भगवान बुद्धलाई ढुङ्गा प्रहार गरिरहेको दृष्य

**उत्तर–**

एक जन्ममा भगवान् बुद्ध हुने बोधिसत्त्व महाजन कूलमा जन्म लिनुभएको थियो । त्यही जन्ममा उहाँले आफ्नो भाईलाई सम्पत्ति अंश आधा पारेर दिनुपर्ला भनी कुनियत राखी भाईलाई फकाई जंगल भित्र लगी हत्या गरेको थियो यही अकुशल पाप कर्मको विपाकले देवदत्तद्वारा गरेको ढुंगा प्रहारको चोट खेप्न परेको हो ।



https://dhamma.digital



सम्पत्तिको लोभमा परी आफ्नै भाईलाई हत्या गर्दै वोधिसत्व

**प्रश्न नं. ६**

देवदत्तले भगवान् बुद्धलाई ढुंगा प्रहार गर्दा त्यस ढुंगाको टुक्रा उछिट्टिएर आई भगवान् बुद्धको खुट्टाको बुढी औंलामा परेर उक्त औंलामा रगत जमेको थियो । भगवान् बुद्धको यो कुन जन्मको अकुशल कर्म विपाक होला ?




देवदत्तले भगवान बुद्धलाई ढुङ्गा प्रहार गरि हत्या गर्ने प्रयास गरिरहेको दृष्य



Dhamma.Digital
https://dhamma.digital

**उत्तर–**

एक समय भगवान् बुद्ध हुने बोधिसत्त्व महाजन कोखमा जन्मेको थियो। उक्त जन्ममा उहाँले प्रत्येक बुद्धलाई रगत बग्ने गरी ईंटाले हानेको थियो । त्यही कुकर्मको फल भोग्दै शाक्य मुनी बुद्ध हुनु भएपछि पनि देवदत्तको ढुंगा प्रहारले रगत जम्ने गरी चोट सहनुपरेको हो ।



वोधिसत्वले प्रत्येक बुद्धलाई ढुङ्गाले प्रहार गरिरहेको दृष्य


Dhamma.Digital

**प्रश्न नं.७**

रक्सी पिलाएर जिस्काइएको कारणले रिसाउँदै रीसले चूर भएर मात्तिएको नालागिरि हात्तीले भगवान् बुद्धलाई लखेटेको थियो । यो कुन जन्मको अकुशल कर्मको विपाक होला ?



https://dhamma.digital




नालागिरि हात्तीले भगवान बुद्धलाई लखेटेको दृष्य

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व माउटे कोखमा जन्मेको थियो । उक्त जन्ममा बोधिसत्त्वले एकजना प्रत्येक बुद्ध आइरहनु भएको देखी उहाँलाई हात्तीले लखेट्न लगाई मार्ने चित्त उत्पन्न गरेको थियो । यसरी अकुशल चित्त उत्पन्न गरेको खराब चित्तको कर्म विपाकको कारणले शाक्यमुनि बुद्ध जस्तो परिशुद्ध व्यक्तित्त्व हुनु भएपनि उहाँलाई नशाले चूर भएको नालागिरि हात्तीले लखेट्न आएको थियो ।


https://dhamma.digital



बोधिसत्व माहुतेले प्रत्येक बुद्धलाई हात्तीले लखेट्न लगाएको दृष्य

**प्रश्न नं. ८**

ढुंगा प्रहार भएको खुत्ताको औंलामा रगत जमेको कारणले उक्त घाऊ पाकेर भगवान् बुद्धलाई धेरै पीडा भएको थियो । त्यसैले जीवक वैद्यले भगवान् बुद्धलाई उक्त घाऊको सल्यक्रिया नै गर्नु परेको थियो । शाक्य मुनि बुद्धको कुन जन्मको विपाक होला यो ?




भगवान बुद्धको खुट्टाको औंलामा रगत जमेको बेला जीवक वैद्यले उक्त घाउ सल्यक्रिया गरिरहेको दृष्य


https://dhamma.digital

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व प्रान्तिय राजा भएको थियो । त्यही बेला उनले रक्सी पिएर विस्मृति भई निर्दोषी जनताहरूलाई छुरा घोपी सास्ती गरी अकारण नै मार्न लगाएको थियो । यही पापकर्मको फलस्वरूप शाक्य मुनी बुद्ध हुनुभएको बेलामा समेत घाउको कारणले पीडा सहनु परेको थियो ।




प्रान्तिय राजा बोधिसत्वले रक्सीले मात्तिएर निर्दोषी जनतालाई छुरा घोपी यातना दिएको दृष्य


https://dhamma.digital

**प्रश्न नं. ९**

भगवान् बुद्धलाई कहिलेकाहिं कपाल दुखाईको कारणले धेरै कष्ट सहनु पर्थ्यो । यो कुन विपाकको फल होला ?



भगवान बुद्धलाई कपाल दुखी कष्ट सहनु परेको दृष्य

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व माझी गाउँमा जन्म लिनु भएको थियो । एकदिन एउटा गाउँमा गइरहनु भएको बेला एउटा माझीले ठूलो माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरेर मारेको दृष्य देखी उहाँ बोधिसत्वले खूब प्रसन्न मुद्रामा प्रशंसा गर्दै हेरिरहनु भएको थियो । यसरी माझीले गरेको अकुशल कार्यलाई रोक्न खोज्नुको बदला प्रसन्नता व्यक्त गरेको विपाक फलले भगवान बुद्ध जस्तो निक्लेशी हुनु भएपनि समय समयमा टाउको दुख्ने रोगले पीडित हुनु परेको हो ।


https://dhamma.digital



माझीले माछा मारेर उक्त माछाको टाउकोमा प्रहार गरिरहेको दृष्य हेरी बोधिसत्वले प्रशंसा गरिरहेको दृष्य ।

**प्रश्न नं.१०**

एकपटक वेरन्जा ब्राह्मणले भगवान् बुद्धलाई वर्षावास भरिको लागि निमन्त्रणा गरेर लगेको थियो । तर उसले भगवान् बुद्धलाई आफूले निमन्त्रणा गरेको कुरालाई नै विर्सेर केही पनि उपस्थान गर्न गएन । त्यही समय उक्त स्थानमा अनिकाल परेको कारणले अन्न अभाव भएको हुँदा त्यस स्थानमा अरू मानिसहरू कोही पनि गएनन् । भोजन अभावको कारणले भगवान् बुद्धले घोडाको दाना खाएर पनि जीवन निर्वाह गर्नु परेको थियो ।

कुन कर्म विपाकको कारणले भगवान् बुद्ध जस्तो पवित्र व्यक्तिले पनि यस्तो कठिनाइको सामना गर्नु परेको होला ?


https://dhamma.digital




भगवान बुद्धलाई घोडाको दाना दान गरिरहेको दृष्य

**उत्तर–**

बोधिसत्त्वको एक जन्ममा भिक्षुहरू भिक्षाटनको लागि आइरहनु भएको थियो । यौवनमत्तामा पुगेको बोधिसत्त्वले अभिमानी चित्तको वसमा गई यिनीहरूलाई राम्रो खाना किन दान दिने ? घोडाको दाना दान दिने नि भन्दै होच्याएर निन्दा उपहास गरेको थियो । यस अकुशल कर्म रूपी बीऊको फल स्वरूप शाक्यमुनि बुद्ध जस्तो व्यक्तित्त्वले पनि ३ महिना सम्म घोडाको दाना खाएर जीवन निर्वाह गर्नुपरेको थियो ।



https://dhamma.digital



वोधिसत्वले भिक्षुलाई घोडाको दाना मात्र दान दिनु भनी निन्दा उपहास गरिरहेको दृष्य ।

**प्रश्न नं.** ११

भगवान् बुद्धलाई कम्मर दुख्ने रोगले पनि सताउने गर्थ्यो । यो कुन कर्म विपाक हो ?




भगवान बुद्धलाई कम्मर दुख्ने रोगले सताइरहेको दृष्य



https://dhamma.digital

**उत्तर–**

एक जन्ममा बोधिसत्त्वले मल्ल युद्ध गरेको थियो । उक्त घटनामा बोधिसत्त्वले एक व्यक्तिको कम्मर भाँचेर पराजित गरिदिएको थियो । त्यही कुकर्मको प्रतिफल अनुसार उहाँ बुद्ध हुनु भएपनि उहाँलाई कम्मर दुख्ने रोगले खूब सताउने गर्थ्यो ।




मल्ल युद्धमा बोधिसत्वले विपक्षी योद्धा पहलमानलाई कम्मर भाँच्नेगरी प्रहार गरिरहेको दृष्य

Dhamma.Digital

**प्रश्न नं. १२**

संसारका प्राणीहरू मध्ये छद्दन्त एकदम वलवान् प्राणीमा गनिन्थ्यो । छद्दन्त जस्तै भगवान् बुद्ध पनि विश्वमा वलिष्ट व्यक्तिमा गनिन्छ । तर यस्तो वलिष्ट व्यक्तिले समेत चुन्दले दान दिएको भोजन पचाउन सक्नु भएन । खाना पचाउन नसकी यही कडा भोजनको कारण उहाँलाई धेरै वेदना सहनुपरेको थियो । यस कर्मफलको कारण के हो ?


https://dhamma.digital



चुन्दले दान दिएको भोजन पचाउन नसकी भगवान बुद्धले वेदना सहन परेको दृष्य

**उत्तर–**

एक जन्ममा बोधिसत्त्व चिकित्सक थिए । त्यसबेला उहाँले औषधीमूलो गरी रोग निको पारिसकेको एक सेठ पुत्रलाई कुनै कारणवस क्रोधको आवेगमा आई फेरि अर्को औषधि खुवाई झाडा वान्ता गराइदिएको थियो । यही कर्म विपाकको फलस्वरूप उहाँलाई यस प्रकारको फल भोगाएको थियो ।



वोधिसत्वले सेठ पुत्रलाई गलत औषधी खुवाई झाडा बान्ता गराई दिएको दृश्य



https://dhamma.digital

## सारांश–

यस संसारमा विपाकलाई साधारण रूपमा लिएर हेलचेक्रयाईं गर्न हुँदैन । आफूले रोपेको कर्म विपाक भोग्ने संयोग जुटिसकेपछि भगवान् बुद्धले समेत फल भोग्न वाध्य हुनुपर्दो रहेछ भने हामी जस्ता साधारण व्यक्तिको त के कुरो ? त्यसकारण कर्माकर्मफललाई बुझी हामीले दशारूपी नराम्रो कर्म फल भोग्न नपर्ने गरी नराम्रो कर्मको बीऊ रोप्नका लागि आफूलाई संयम गर्नु पर्ने शिक्षा माथि उल्लेखित घटनाले दिइरहेको छ ।

*॥ समाप्त ॥*



Dhamma.Digital



https://dhamma.digital

( तेस्रो खण्ड )

# बोध कथाहरू

## भिक्षु आनन्दको बौद्ध चरित्र

**– भिक्षु अश्वघोष**

अब म देवदत्तको अबौद्ध चरित्र र आनन्दको बौद्ध चरित्र बारे केही भन्न तयार भएको छुं । देवदत्त भिंगा जस्तो छ । भिंगाको काम फोहरमा मात्र बसेर त्यहांबाट विष ल्याएर खानेकुरामा सारिदिएर अहित गर्छ । रोग फैलाउँछ । आनन्द चाहिं मौरीजस्तो छ । फूलको बगैंचामा गएर बटुलेर, मह बनाउने कोशिस मौरीले गर्छ ।

यी दुईजनाको चरित्र भिंगा र मौरीजस्तो छ । त्यो देवदत्त पदलोलुप-भगवान बुद्धको उत्तराधिकारी बन्न खोज्यो । सुरुसुरुमा उ श्रद्धालु थियो, ज्ञानी थियो । भगवान बुद्धकहाँ आएर भिक्षु बन्यो । विस्तारै उनमा लोभ लालच बढ्न थाल्यो । ईर्ष्या हुन थाल्यो । 'सबैले भगवान बुद्ध र सारिपुत्र मौद्गल्यायनहरूलाई मात्र दान दिन्छन्, सम्मान गर्छन् । मलाई कसैले वास्ता नै गर्दैन ।' उसलाई थाहा छैन किन भगवान बुद्धलाई मानिसहरूले मान्ने गर्छन् भनेर ।

सारिपुत्र मौद्गल्यायन महास्थविरहरूलाई किन मान्छन्, किन सम्मान गर्छन् ? मलाई किन सम्मान नगरेको ? उसले आफू अयोग्य व्यक्ति हो भनेर महसूस गरेन । आफू कस्तो व्यक्ति हो, आफू कुन अवस्थामा पुग्यो चिन्नै सकेन ।


https://dhamma.digital

उता आनन्द एकदम शान्तपूर्वक बस्ने व्यक्ति हुनुहुन्छ । साह्रै अनुशासित, साह्रै विद्वान् अभिमान भनेको पटक्कै नभएको । जब भगवान बुद्ध ५५ वर्ष पुग्नुभयो तव उहाँलाई कमजोरी महसूस भयो । किन ५५ वर्षमै कमजोरी महसूस भएको भगवान बुद्धलाई ? सिद्धार्थ कुमारको युवावस्थामा जति शरीर रक्षार्थ खानुपर्ने थियो, त्यति नखाइकन, थोरै खाइकन तपश्या गर्नुभएको थियो । त्यसै कारणले ५५ वर्षको उमेरमा भगवान बुद्धलाई कमजोरी महसूस भयो ।

एकदिन भगवान बुद्धले भिक्षुसंघलाई भेला गराउनुभएर भन्नुभयो– 'म अब बूढो हुन लागें । मलाई थकाई लाग्छ । संधै मसंग बसेर सेवा गर्ने स्थायी सेवक चाहियो । कसले गर्ने भन्दा खेरि सारिपुत्र महास्थविरले उठेर 'भो भगवान । धन्दा मान्नुपर्दैन म सेवा गर्छु ।' भगवान बुद्धले स्वीकार गर्नुभएन । 'म नभएको, नगएको ठाउँमा सारिपुत्र गएमा म गएझैं हुन्छ । तिम्रो धेरै काम छ, तिमीले यो काम गर्न सक्दैनौ' भन्दै अस्वीकार गर्नुभयो । मौद्गल्यायन महास्थविरले पनि 'म सेवा गर्छु' भनेर अघि सर्नुभयो । उहाँको अनुरोध पनि भगवान बुद्धले स्वीकार गर्नुभएन । यसै गरी असीति महास्थविर महाश्रावकहरूले अनुरोध गर्नुभयो । तर कसैको पनि अनुरोधलाई भगवान बुद्धले स्वीकार गर्नुभएन ।

आनन्द एकजना भने चुपचाप बसिरहनुभएको थियो । अनि भिक्षुसंघले आनन्दलाई– 'ए आनन्द तिमी बहिरा हो कि ? यहाँ के कुरा चलिरहेको छ, के कुरा भइरहेको छ सुनेको छैन ? आँखा पनि अन्धा छ कि ? किन तथागत सम्यक सम्बुद्धको सेवा गर्न चाहदैनौं ?' 'चाहन्छु नि, सेवा गर्न तयार छुँ नि म त । भगवान बुद्धले देख्नुभएमा, उहाँले मलाई योग्य ठान्नुहुन्छ भने स्वयं भन्नुहुनेछ । भगवान बुद्धको


https://dhamma.digital

सेवक पदवी मागेर लिने पदवी होइन । म माग्न तयार छुइन ।' पछि भगवान बुद्धले भन्नुभयो– 'हुन्छ आनन्द । तिमीले सेवा गर ।' तिमी योग्य छौ, तिमी सेवा गर्न लायक छौ, तिमीमा कर्तव्यपरायणता छ, अनुशासन छ, महान विद्वता छ, स्मरणशक्ति छ, अल्छी छैन, उत्साहित छौ, अप्रमादी छौ ।'

गजबको कुरा । अन्य महान अरहन्तहरूले सेवा गर्ने इच्छा प्रकट गर्नुभयो तर भगवान बुद्धले स्वीकार गर्नुभएन । आनन्दलाई स्वयं भन्नुभयो– तिमी योग्य व्यक्ति हौ । तिमीमा मेरो सेवा गर्दा चाहिने सबै गुणहरू छन् ।'

आनन्दले शर्त राख्नुभयो । 'भो भगवान ! म सेवा गर्न तयार छुँ । तर मेरा केही शर्तहरू छन् । 'के शर्त छन् ? सेवा गर्न किन शर्त चाहियो ?' 'होइन ! त्यो अत्यावश्क कुरा हो ।' 'त्यसो भए भन त ।'

'तपाईको सेवक बनिसकेपछि (१) तपाईलाई प्राप्त हुने राम्रा राम्रा चीवर वस्त्रहरू मलाई, दिन पाउनुहुन्न । (२) तपाई जहां निमन्त्रणा जानुहुन्छ, त्यहां मलाई लान पाउनुहुन्न । (३) तपाईलाई प्राप्त भएको भोजन आहार खाद्यवस्तु मलाई दिन पाउनुहुन्न । (४) तपाई जहाँ जानुभए पनि, मेरो अनुपस्थित भएको ठाउँमा, तपाईंले जे उपदेश दिनुभए पनि त्यो मलाई फेरि दोहराएर भन्नुपर्छ । (५) म तपाईंको कोठामा सुत्दिन । सुत भनेर भन्न पाउनुहुन्न । (६) मैले स्वीकार गरेको निमन्त्रणामा तपाईं जानुपर्छ । (७) मकहाँ जुनसुकै बेलामा पनि भगवान बुद्धको दर्शनार्थ कोही आएमा म त्यस व्यक्तिलाई तपाईंकहाँ ल्याउन पाउनुपर्छ । स्वतन्त्रता हुनुपर्छ, त्यो अधिकार मलाई हुनुपर्छ । (८) मलाई धर्मको कुरामा शंका लागेको खण्डमा जुनसुकै बेलामा पनि तपाईंकहां आएर प्रश्न सोध्न सक्ने


https://dhamma.digital

अधिकार चाहिन्छ । यी आठ शर्तहरू स्वीकार गर्नुहुन्छ भने म सेवक बन्न तयार छुं ।'

भगवान बुद्धले फेरि सोध्नुभयो– 'किन आनन्द, यी शर्तहरू राखेको ? "भो भगवान ! तपाईंको सेवा गर्दा, तपाईंको राम्रो राम्रो चीवर वस्त्र मलाई दिनुभएको खण्डमा मलाई आरोप लगाउँछन् - राम्रा राम्रा लुगा लगाउन पाइन्छ भने कसले सेवा गर्दैन र ? मीठा मीठा खाना खान पाइन्छ भने कसले भगवान बुद्धको सेवा गर्दैन ? भगवान बुद्धको गन्धकुटी (बुद्धको निजी कोठालाई गन्धकुटी भनिन्छ) मा सुत्न पाइन्छ भने किन सेवा नगर्ने ? भगवान बुद्ध जहां गए पनि उहाँसंगै जान पाइन्छ भने कसले सेवा गर्दैन र ?"

"त्यसैगरी तपाईं मेरो अनुपस्थित ठाऊँहरूमा जहाँ जानुभए पनि दिनुभएको उपदेश पछि मलाई सुनाउनुपर्छ किनकि – पछि मलाई सोध्नेछन् फलाना ठाउँमा भगवान बुद्धले के उपदेश दिनुभएको थियो ? त्यसरी सोध्दा म लाटो हुन नपरोस् । त्यसरी प्रश्न गर्दा मैले जवाफ दिन सक्नुपर्छ - फलाना ठाउँमा भगवान बुद्धले यस्तो उपदेश दिनुभएको थियो भनेर । मेरो निमन्त्रणामा भगवान बुद्ध आउनुभएन भने अरुले भन्ने छ – 'भगवान बुद्धको निजी सेवक भएर के फाईदा ? हामीले निमन्त्रणा गर्ने ठाउंमा भगवान बुद्धलाई ल्याउन सक्दैन ।' अर्को कुरा, जव शंका लाग्छ तब भगवान बुद्धकहां आएर प्रश्न गर्नु पाउनुको कारण त्यसरी नसोधेमा शंका रहिरहन्छ । त्यसैले अनर्थ हुन्छ । कसैले प्रश्न गर्दाखेरि उत्तर दिन सकेन भने त्यो पनि ठीक हुँदैन । कोही आउँछ भगवान बुद्धको दर्शन गर्न पाउँ भनेर । अनि मैले भगवान बुद्धकहां लैजान सकिन भने 'के काम छ त्यसको ? भगवान बुद्धको सेवक भएर भगवान बुद्धकहां लैजान नसक्ने । कति टाढा टाढाबाट आएको भगवान बुद्धको उपदेश


https://dhamma.digital

सुन्नको लागि । खै ! आनन्दले भगवान बुद्धसम्म लैजान सकेको ?' यसरी नै अपवादबाट बच्नको लागि मैले शर्त राखेको भगवान ।"

भगवान बुद्धले भन्नुभयो - 'राम्रो, धेरै राम्रो । धेरै दुरदर्शी ज्ञान भएको व्यक्ति हौ आनन्द । तिमी योग्य छौ । तिम्रो शर्तहरू म स्वीकार गर्छु । ठीक छ । अबदेखि तिमीले मेरो सन्तोषपूर्वक सेवा गर ।

त्यस दिनदेखि आनन्दले 'मैले भगवान बुद्धको सेवा गर्ने पदवी पाएँ । त्यसैले अरु केही पनि गर्ने इच्छा छैन । म आफ्नो कर्तब्य पालन गर्छु, चौबिसै घण्टा भगवानको सेवा गर्छु, उहाँलाई कुनै पनि कष्ट नहोस्' भनेर त्यस दिनदेखि ठूलो लट्ठी लिएर रातभरी जेतवन विहार घुम्दै हिंड्नुभयो । कुनै शत्रु आएर भगवानलाई आक्रमण नगरोस् भनेर रक्षा गर्न थाल्नुभयो आनन्दले । भगवान बुद्धको सेवा गर्नु नै ठूलो खुशिको कुरा भनेर अरहन्त पदवी पनि आशा नगरेर निरन्तर सेवा मात्र गरिरहनुभयो ।

भगवान बुद्धको परिनिर्वाण भयो । तब उहाँलाई केही अपशोच भयो । 'उहाँ भएसम्म मैले अरहन्त पदको लागि कुनै पनि प्रयत्न गरिन । अब प्रयत्न गर्नुपर्‍यो । भिक्षुहरूको समागम हुन्छ । त्यहां सवै अरहन्तहरूले भाग लिन्छन् । मबिना त्यस संगायनको काम नै नहुने रहेछ । मैले जसरी भए पनि अरहन्त अवस्थामा पुग्ने प्रयत्न गर्नुपर्छ' भनेर रातभर नसुतिकन आनापान भावना स्मृति, सचेत जानकारी हुने गरी स्मृति र होशपूर्वक ती दुईटा राखेर खुब प्रयत्न गर्नुभयो । अलिकता थकाई लागेको महसूस भयो । 'अलिक आराम लिउँ' भनेर खाटमा पल्टिँदा, टाउको पनि शिरानीमा छुएको थिएन, खुट्टाले पनि खाट छुएको थिएन, त्यस अवस्थामा आनन्द अरहन्त हुनुभयो ।


https://dhamma.digital

यो उहाँको बौद्ध चरित्र हो। बुद्धको सेवा म गर्छु भनेर भन्नुभएन। सेवा गरभन्दा शर्त राख्नुभयो। दुरदर्शीता ज्ञानले भविष्यको कुरा सबै थाहा छ उहाँलाई के हुन्छ भनेर। अपवादबाट मुक्त हुनुपर्छ भनेर शर्त राख्नुभयो बुद्ध समक्ष। अर्को बौद्ध चरित्र हो जुन दिनदेखि सेवा गर्छु भनेर अधिष्ठान गर्नुभयो त्यस दिनदेखि राम्ररी सुत्नुभएन। 'भगवान बुद्धलाई कुनै वस्तुको तकलिफ नहोस्। उहाँले बोलाउने बेलामा म उपस्थिति हुन सकोस्' भनेर। यो सेवा भाव हो, शुद्ध सेवाभाव आनन्दको। यही शुद्ध बौद्ध चरित्र हो।

हामीमा पनि त्यस्तै सेवाभाव हुनुपर्‍यो। कर्तव्य परायण हुनुपर्‍यो। कर्तव्य परायण भएर सेवा गर्न सके गरेको काम, सेवाको फल पाउँछ। सेवा गरेर मेवा पनि पाउँछ। मेवा पाउनको लागि सेवा गर्ने होइन। सेवा गरी सकेपछि मेवा पाए पनि कुनै आपत्ति छैन। आनन्दले सेवा गरेर मेवा खान पाइन्छ भनेर आशा गर्नुभएन। यही हो उहाँमा भएको ठूलो बौद्ध चरित्र। आदर्श लिन लायक छ। सराहनीय छ। अनुकरणीय छ। साह्रै नै सान्दर्भिक छ।

आजकाल पदलोलुप महत्वाकांक्षी भएर पहिले नै अधिकार माग्ने चलन छ। पदवीको लागि लड्ने गर्छ, सेवा गर्नको लागि होइन। सेवा गर्न अग्रसर भएकाहरू पनि पदवी नपाउनासाथ झगडा गर्न सुरु गर्छ। सेवा गर्ने कुरै छैन। धेरै टाढा हुँदै जान्छ। आजकाल पदवीको लागि नै सेवा गर्नेहरू धेरै हुन्छन्।

त्यसैले यो राम्रो चरित्र होइन। बौद्ध चरित्र होइन। आनन्दले जुन किसिमले बुद्धको सेवा गर्ने अठोट गर्नुभयो, त्यो शुद्ध बौद्ध चरित्र हो। शुद्ध बौद्ध चरित्र नभएकोले नै आजकाल सबै ठाउँमा कलह झैझगडा बढिरहेको छ भ्रष्टाचार बढिरहेको छ। धेरै अपवाद


https://dhamma.digital

सुन्नुपर्ने काम गर्छन् । पदवीको लागि नै जीवन अर्पण गरेको हुन्छ । देश सेवाको लागि होइन । आजकालका सांसद मन्त्रीहरू पदवीको लागि, पद पाउनको लागि संघर्ष गर्छन् । देशको सेवा, जनताको सेवाको लागि होइन, आफ्नै सेवाको लागि । जनमुखी होइन आफ्नै परिवारमुखी बन्छन् । त्यसैले शान्ति भइरहेको छैन, अशान्ति भइरहेको छ । यस्तो अराजकताको सन्दर्भमा इमान्दार राष्ट्र सेवकको लागि आनन्दको बौद्ध चरित्र सबैलाई उपयोगी छ, करणीय छ, प्रेरणादायक छ, सराहनीय छ ।

# आनन्द र महिला

**– भिक्षु अश्वघोष**

अर्को आनन्दको आदर्श - बुद्धकालिन समयमा पनि महिलाहरूलाई पुरुषसरह समान अधिकार पाएको/दिएको थिएन । त्यसैले सिद्धार्थकुमारकी कान्छी आमा प्रजापति गौतमी भिक्षुणी बन्नको लागि भगवान बुद्धकहाँ जानुभएकी थिईन । भगवान बुद्धले– 'गौतमी ! हतार नगर हतार नगर भिक्षुणी बन्नको लागि । यो सजिलो काम होइन ।' भनेर भगवान बुद्धले अस्वीकार गर्नुभयो ।

तर आनन्द प्रजापति गौतमी रोइरहेकी अवस्थामा पुग्नुभएर 'किन रोइ रहनुभएको ? भनी सोध्नुभयो । 'भिक्षुणी बन्नको लागि आएकी, भगवान बुद्धले आज्ञा दिनुभएन, स्वीकार गर्नु भएन । म साह्रै दुःखीत छु ।' भनेर प्रजापति गौतमीले भनिन् । 'त्यसोभए नरुनोस्,


https://dhamma.digital

धैर्य गर्नोस् । म भगवान बुद्धकहाँ जान्छु र उहाँलाई सम्झाइदिन्छु ।' भनेर भगवान बुद्धकहाँ जानुभयो । 'भो भगवान । प्रजापती गौतमी, जसले तपाईलाई दूध खुवाएर हुर्काउनुभएकी अहिले यहाँ आउनुभएको छ रोइरहनुभएको छ । भिक्षुणी बन्न चाहन्छिन् रे । भो भगवान । के आइमाइहरूले मुक्ति पाउन सक्दैनन् ? दुःखबाट मुक्त हुन सक्दैन निर्वाण पाउन सक्दैनन्' भनी सोध्नुभयो ।

'सक्छ नि, किन सक्दैन ?' त्यो त सबै गुण छन्, नपाउने त कुरै छैन ।' 'भो शास्ता ! प्रजापती गौतमीलाई किन भिक्षुणी नबनाउनुभएको ?' यस्ता धेरै प्रश्नहरू गर्नुभएर 'भिक्षुणी बन्ने अनुमति दिनुहोस् । भिक्षुणी संघ स्थापना गर्नुहोस् । आइमाईहरूलाई ठूलो भरोसा हुन्छ । म प्रार्थना गर्छु भो भगवान अरू कुरा नसोच्नुहोस् । आइमाईहरूमा पनि, भिक्षुहरूमा जुन शक्ति छ, दुःखबाट मुक्त हुने निर्वाण पद पाउने, अरहन्त पद पाउने शक्ति, अधिकार छ भने भिक्षुणी किन नबनाउने ? बनाउनुपर्छ ।' भनी कर गरिसकेपछि उहाँले प्रजापती गौतमीलाई भिक्षुणी बनाउनुभयो । त्यसपछि अरु अरुहरु पनि अनाथ अबला महिलाहरू प्रजापती गौतमीको पछि लाग्न सुरु गरे । भिक्षुणसंघको स्थापना भयो । महिलाहरूलाई समान अधिकार पाउनको लागि आनन्दको प्रयत्न यो सानो कुरा होइन । ठूलो कुरा हो । कहिले पनि बिर्सन नहुने आनन्दको प्रयास । महिलाहरूलाई पनि भिक्षुणी संघमा भित्र्याउने यो साह्रै नै उदार हृदय हो । संकुचित विचार छैन आनन्दमा । एकदम फुक्का हृदय भएको, समान अधिकारको भावना भएको र त्यसको संघर्षमा सफल हुनुभएको हुनुहुन्छ आनन्द भिक्षु । यो आनन्दको बौद्ध चरित्र बिर्सनु हुँदैन । सँधै स्मरणीय उहाँको बौद्ध चरित्र हो ।


https://dhamma.digital

# राजा अशोकको बोध कथा

**– भिक्षु अश्वघोष**

सबैले सुनिराखेको होला अशोक महाराजाको नाम । उ साह्रै नै चण्ड थियो । उसको चण्ड स्वभाव भएकोले उसको नाम चण्ड अशोक नाम रहन गयो । गद्दीमा बसिसकेपछि महत्वाकांक्षी भयो । आफूले पाएको राज्यमा मात्र सन्तोष भएन । कलिंग राज्यमा आक्रमण गरे । सयकडौं हजारौं मानिसको हत्या गरियो कलिंग राज्य जित्नको लागि । लडाईंको खबर सुनेर हेर्न जाँदा युद्ध मैदानमा कसैको हात छैन, कसैको खुट्टा छैन, कसैको टाउको छैन । चारैतिर रगतको खोला बगिरहेको छ । धेरै नै दुःखीत अवस्था देखेर अशोकको मन दिक्क भयो । 'मैले धेरै पाप गरेछु' भनेर दरबारमा आएर दुःखी भएर सोच्दै झ्यालबाट हेरिरहेको थियो ।

त्यही समयमा बाटोमा निग्रोध नामको नवयुवक भिक्षु शान्तपूर्वक दरबारको अगाडि आइरहनुभएको थियो । उसलाई देख्नासाथ अशोकको मनमा शितल अनुभव भयो । 'को हुँ ? कस्तो शान्त स्वभाव । मेरो अशान्त मनलाई शान्त पारिदिनुभयो ।'

एकजना मन्त्रीलाई बोलाउन पठायो त्यस भिक्षुलाई । दरबारमा पुग्नुहुँदा राजाले सोध्यो 'तपाई को हुँ ?' 'म भगवान बुद्धको अनुयायी । धर्मप्रचारार्थ भिक्षु बनेको हुँ ।' 'ए भगवान बुद्धको अनुयायी धर्मप्रचारक भिक्षु । भगवान बुद्धको शिक्षा के रहेछ ? छोटकरीमा भनिदिनोस् न ।'


https://dhamma.digital

भिक्षुले भन्नुभयो– '**अप्पमत्ता न मीयन्ती ये पमत्ता यथा मता**' अर्थात्– अप्रमादी कहिले पनि मर्दैन, प्रमादी बाँचिरहे पनि मरेभैं हुन्छ ।' अरू-अरू मानिसहरूलाई मार्नुभन्दा आफ्नो मनलाई जित्नु, नियन्त्रण गर्नु, वशमा राख्नु ठूलो जित हो ।' यो उपदेश राजाको मनभित्रसम्म गड्यो ।

'अरे बुद्ध वचन, धेरै सत्य रहेछ । म कस्तो असन्तोषी ? कति महत्वाकांक्षी, आफूले पाएको राज्यमा सन्तुष्ट नभई अर्काको देशमा हमला गरेर, हजारौं मानिसहरूलाई मारिदिएँ । यो पनि तरिका हो ?' भनेर राजाको मन परिवर्तन भयो । 'अबदेखि म अर्काको राज्यमा आँखा लाउँदिन । आफूमा जति छ त्यतिमा सन्तुष्ट हुन्छु' भनेर हिंसा गर्ने काम छाडिदियो ।

पछि मौग्गलिपुत्ततिस्स भिक्षुको संगत गरेर अरू धेरै शिक्षा लियो । राजाको कर्तव्य के रहेछ ? भन्दाखेरि त्यस भिक्षुले भन्नुभयो– 'राजा भनेको प्रजाको संरक्षक हो । पिता हो । राज्य संचालन गर्दाखेरि जनमुखी हुनुपर्छ । मानिसहरूलाई उपकार हुने काम गर्नुपर्छ । **बहुजन हिताय बहुजन सुखाय** काम गर्नुपर्छ । आफ्नो मन पनि नियन्त्रणमा राखेर धेरै मानिसलाई हित हुने काम गर्नुपर्छ ।

'भगवान बुद्धले भन्नुभएको थियो रातोदिन पुण्यगर्ने काम वृक्षारोपण गर्नु, फूलबारी बनाउनु, खोला तर्न पुल बनाइदिनु, बाटोमा पाटी-पौवा बनाउनु, पानी पिउनको लागि कुवा आदि खनिदिनु, स्वास्थ्य सेवाको काम गर्नुपर्छ । औषधोपचार सेवा पुऱ्याउनु पर्छ ।

यी कुराहरू मौग्गलिपुत्ततिस्स भिक्षुबाट सुनेपछि अशोकले 'म साँच्चै कै प्रजाको संरक्षक बन्न चाहन्छु' भनेर बाटोको दुबैतिर वृक्षारोपण गराईदियो । वृक्षारोपणको कारणले बाटोमा हिंड्ने


https://dhamma.digital

पथिकहरूलाई रूखको छाँया हुन गयो। धेरै शितल अनुभव भयो। पानी पिउन ठाउँ ठाउँमा कुवा खनाइदियो। आराम लिनको लागि पाटी-पौवा बनायो। अस्पताल बनायो। इतिहासमा पहिलोपल्ट पशुहरूको लागि पनि अस्पताल बनायो। आइमाइहरूलाई पनि विशेष सुविधा हुनेगरी अस्पताल बनायो।

त्यतिमात्र होइन ढोका पालेलाई भनिराखिएको थियो– 'यदि जनतालाई कुनै दुःख, पीडा, आपत परेर दरबारमा आएमा के आपत परेको छ त्यसको खबर मकहाँ पठाइदिने, चाहे खाना खाइरहेको समयमा होस् वा आराम लिइरहेको समयमा, जुनसुकै बेलामा पनि यदि जनता दुःख पोख्न आएमा मकहाँ ल्याइदिने। दरबारभित्र ल्याउने। ढोका बन्द नगर्ने।'

यसरी राजा अशोक साँच्चैकै जनताको संरक्षक बन्न पुग्यो। यो कसरी भयो भन्दाखेरि निग्रोध नामक नवयुवक भिक्षुको शान्त स्वभाव देखेर, उहाँबाट बुद्ध वचन सुनेर फेरि उहाँको गुरु मौग्गलिपुत्ततिस्स भिक्षुको सम्पर्कमा गएर राजाको कर्तव्य कस्तो हुनुपर्छ भनी सोद्धाखेरी त्यस मौग्गलिपुत्ततिस्स महास्थविरले 'राजाको काम जनमुखी, प्रजामुखी हुनुपर्छ। जनताको संरक्षक हुनुपर्छ आदि भन्नुभएको कारणले हो।

यहाँ कुरा के छ भने बोध हुने कुरा हो यो। अशोक महाराज बोध हुनु भएको कथा हो।


https://dhamma.digital

# जीवक वैद्यको बौद्ध चरित्र

**– भिक्षु अश्वघोष**

बुद्धकालीन जीवक वैद्यको चरित्र बारे जानिराख्नु आवश्यक छ। बौद्ध चरित्र भनेको जन्मेदेखि मरणोपरान्तसम्मको जीवन चरित्र होइन। यहाँ भगवान बुद्धको शिक्षाअनुरुप राम्रो चरित्र भएकोलाई बौद्ध चरित्र भनिन्छ।

कुरा के छ भने अजातशत्रु, जसको संस्कार स्रोतापन्न हुन सक्ने थियो। तर दुष्ट भिक्षु देवदत्तको संगतमा परेर अजातशत्रुले ठूलो महापाप गर्न थाल्यो। देवदत्तको चरित्र अबौद्ध चरित्र थियो। उसले पदलोलुपता र महत्वाकांक्षाले गर्दा बुद्धपद पाउने इच्छा गर्‍यो। त्यो इच्छा पुरा भएन। भगवान बुद्धको उत्तराधिकारी पद मागेकोमा भगवान बुद्धले स्वीकार गर्नुभएन। त्यस दिनदेखि भगवान बुद्धको विरुद्धमा षडयन्त्र गर्न सुरु गर्‍यो। अनि अजातशत्रुलाई हातमा लिएर उसलाई कुरा सिकाइदियो। 'तिमी युवक छौ। जिन्दगीको कुनै ठेगाना छैन। युवा अवस्थामा नै राज्य सिंहासनमा बस्नुपर्छ।'

अजातशत्रुले भन्यो– 'मेरो बुबा अझै जीवित नै हुनुहुन्छ। उहाँ राज्य संचालन गर्दै हुनुहुन्छ के गर्ने ?' 'आफ्नो बुबा बिम्बिसार महाराजलाई मारिदिने' 'कसरी मार्ने आफ्नो पितालाई ?' 'संधै जेलमा थुनिदिने, खाना खान नदिइकन राखने, पछि त्यसै मर्छ।' राज्य पाउने आशाले महत्वाकांक्षी भएको अजातशत्रुले देवदत्तको सल्लाहअनुसार आफ्नो बुबा बिम्बिसार महाराजलाई जेलमा थुनिदियो। आफू सिंहासनमा बस्यो। अनेक कष्ट दिइकन बाबुलाई मार्न लगायो।


https://dhamma.digital

त्यही दिन अजातशत्रुको पहिलो छोरा जन्म्यो। छोरा जन्मिनासाथै उसको छोराप्रति बडो अनौठो माया प्रेम उत्पन्न भयो । अनि उसलाई ख्याल भयो । म जन्मिदाखेरि पनि मेरो बुबाको मनमा अनौठो दयामाया, प्रेम ममता उत्पन्न भएको होला । म दुष्ट देवदत्तको संगतमा परेकोले बुबालाई दु:ख दिएँ, जेलमा थुनिदिएं । अब छुटाउनुपर्‍यो भनेर आदेश दियो । तर आदेश पुगुञ्जेलसम्म पहिला मार्ने आदेशअनुसार बुबा बिम्बिसारलाई मारिसकेकोले बचाउन, छुटाउन सकेन । यो समाचार सुनेर 'हरे ! मैले ठूलो पाप गरें । यो पापबाट कसरी मुक्त हुने भनेर त्यो दिनदेखि धेरै पश्चाताप भयो, पीर भयो, शोक भयो । त्यो पश्चातापले गर्दा मनमा आनन्द भएन ।

के गरेको खण्डमा मनमा आनन्द हुन्छ ? कस्को उपदेश सुन्दाखेरि मनमा आनन्द हुन्छ' भगवान बुद्धको उपदेश बाहेक अरुको उपदेश सुनेर मनमा आनन्द हुँदैन । अब म भगवान बुद्धकहाँ कसरी जाने ? के अनुहार लिएर जाने ?' भनेर विचार गरिरहेको अजातशत्रुले एउटा उपाय सोच्छ। त्यहीं आफ्नो मन्त्रीमण्डलको बैठक बोलायो। जीवक वैद्यलाई पनि त्यहीं बोलायो। आफूले एकै चोटी मन्त्रीहरूलाई भन्न सकेन– मलाई भगवान बुद्धकहां लैजाउ मेरो पापी मन आनन्द बनाउनको लागि। मन्त्रीहरूको अगाडि प्रस्ताव राख्यो 'मेरो मन असाध्यै अशान्त छ । शान्त पार्नको लागि कसको उपदेश सुन्नुपर्छ भन' भनी भन्यो। त्यहाँ उपस्थित मन्त्रीहरू, जो धेरैजसो अबौद्ध थिए, कुनै पूर्णकाश्यपको चेला थियो भने कुनै मक्खलि गोसालको, कुनै अजित केशकम्बलको, कुनै संजय वेलट्ठीपुत्रको, कुनै निर्ग्रन्थनाथपुत्रको । उनीहरू भगवान बुद्धजस्तै ठूला ठूला महापुरुषहरू थिए। मन्त्रीहरूले अजातशत्रुलाई बिन्ति


https://dhamma.digital

गरे । 'भो महाराज । हाम्रा फलाना गुरुकहाँ गएमा मनमा आनन्द हुनेछ । उहाँ ठूलो गुरु हुनुहुन्छ । उहाँको उपदेश सुन्नुपर्छ ।' भनेर आफ्नो आफ्नो गुरुको प्रशंसा गरे । तर अजातशत्रु चाहिं चुपचाप बसेर सुनिरह्यो । 'हुन्छ' भनेन ।

अजातशत्रुले चाहेको भगवान बुद्धकहां जानलाई । अजातशत्रु चाहन्थ्यो जीवक वैद्यले पनि भगवान बुद्धको प्रशंसा गरी भगवान बुद्धकहाँ लैजाला भनेर । तर त्यो जीवक वैद्य चाहिं चुपचाप बसिरहेको थियो । चुपचाप बसिरहेको जीवक वैद्यलाई सोध्यो– 'ए जीवक वैद्य, तिम्रो कुनै गुरु छैन ?'

'महाराज, मेरो गुरु छ, भगवान बुद्ध । उहाँ मेरो गुरु हुनुहुन्छ । उहाँ ठूलो, शान्ति बोध भइसक्नुभएको व्यक्तित्व हुनुहुन्छ । 'किन तिमी चुपचाप बसेको त ? अरु सबैले आ-आफ्नो गुरुको प्रशंसा गर्न थाले- हाम्रो गुरुकहां जानोस्, हाम्रो गुरुकहाँ जानोस् ।'

'उनीहरूले आ-आफ्ना गुरुहरूको प्रशंसा गरेर बसेको आफैले नै प्रशंसा गर्ने यो राम्रो शिक्षा होइन महाराज । मेरो पनि गुरु हुनुहुन्छ भगवान बुद्ध । हाम्रो गुरु भगवान बुद्ध ठूलो हुनुहुन्छ भनेर भन्नु राम्रो होइन महाराज । अब महाराजले नै प्रश्न उठाउनुभयो– तिम्रो गुरु छ कि छैन भनेर । महाराजले नै थाहा पाउनुभएकै कुरा हो नि भगवान बुद्ध मेरो गुरु हुनुहुन्छ भनेर शान्तिको प्रवर्तक भनेर ।'

'त्यसो भए मलाई लैजाऊ न त्यहाँ ।' 'महाराज ! आउनोस् । बाटो म देखाइदिन्छु । मेरो आम्रवन बगैंचामा उहाँ विहार गर्नुभएको छ । आउनोस् ।' जानको लागि सारा प्रबन्ध मिलाइदियो । भारदार सेनाहरूको व्यवस्था गरेर जीवक वैद्यले बाटो देखाउँदै लग्यो, रातको समयमा ।


https://dhamma.digital

उता आम्रवनमा भगवान बुद्धले सयौं भिक्षुहरूलाई उपदेश दिइरहनुभएको थियो । सुनसान, शान्त, केही आवाज आएको थिएन । त्यो वातावरण देख्दा अजातशत्रुलाई डर लाग्यो । 'यो जीवक वैद्यले मलाई छकाएर अन्तै पो ल्याएको हो कि ? कस्तो सुनसान । सुनेको थिएँ भगवान बुद्धसंग सयौं भिक्षुहरू छन् भनेर । यहाँ त चुपचाप, केही पनि शब्द सुन्न पाइएको छैन । मलाई त डरलाग्यो ।' भन्दै विचार गर्न थाल्यो 'हे जीवक । कहाँ हुनुहुन्छ भगवान बुद्ध ? मलाई छकाएर अन्तै ल्याएको हो कि क्या हो ?'

'होइन महाराज ! त्यस्तो छकाउने काम गरेको छुइन । म भगवान बुद्धको उपासक हुँ । चेला सेवक हुँ । अरुलाई छकाउने नराम्रो काम गर्न सक्दिन महाराज । ऊ टाढा देखिँदैछ एउटा वत्ती । त्यहीं बुद्ध बस्नुहुन्छ, त्यहीं हुनुहुन्छ ।' त्यहीं भिक्षुहरूलाई भगवान बुद्धले उपदेश दिइरहनुभएको छ । डर मान्नुपर्दैन महाराज । केही पनि हुने छैन ।' भनेर जीवक वैद्यले बिस्तारै बाटो देखाउँदै भगवान बुद्ध हुनुभएको ठाउँमा लग्यो । अजातशत्रु पनि भगवान बुद्धलाई नमस्कार गरेर एकछेउ बस्यो ।

Dhamma.Digital

अजातशत्रुले भगवान बुद्धको अगाडि प्रार्थना गऱ्यो– 'भो भगवान ! म साह्रै पापी छुं । दुष्टभिक्षु देवदत्तको संगत गरेर मैले आफ्नो बुबालाई मारिदिएँ । ती सवै घटना सम्झना आउंछ । मलाई पश्चातापले डाह भइरहेको छ । म राम्रो सित सुत्न पनि सक्दिन । खान पनि सक्दिन । राज्य संचालन पनि गर्न सक्दिन । मलाई ठूलो पश्चाताप भइरहेको छ ।

भगवान बुद्धले भन्नुभयो–

**न तं कम्मं कतं साधु, यं कत्वा अनुतप्पति ।**


https://dhamma.digital

अर्थात्– यस्तो काम गर्नु हुदैन, जसले गर्दा गरिसकेपछि धेरै पश्चाताप हुन्छ । धेरै पीर हुन्छ । मर्ने बेलासम्म त्यसले सताउँछ । सम्झना आउँदा फेरि दुःख हुन्छ । दुर्गतिमा जानुपर्छ । संगत भनेको राम्रो व्यक्तिसंग गर्नुपर्छ । नराम्रो व्यक्तिसंग संगत गर्दाखरि त्यसको प्रतिफल नराम्रो हुन्छ । मूर्खहरूको संगत गर्नु हुँदैन । पण्डितहरूको संगत गर्नुपर्छ ।' भनेर दृष्टान्त गरेर उपदेश दिनुभएको त्यो अजातशत्रुको भित्र हृदयसम्म पस्यो ।

साँच्चै कै कुरा हो । म धेरै अज्ञानी थिएँ । महत्वाकांक्षी भएर, महालोभी भएर, पदलोलुप भएर, पदलोलुप देवदत्तको संगतमा परेर म अनर्थमा परें, कुबाटोमा परें । मलाई शान्ति छैन । मलाई सारै अशान्तिले सताइराखेको छ । साह्रै नै पश्चाताप भइरहेको छ । पहिलेदेखि नै भगवान बुद्धको संगतमा परेको भए म यस्तो पश्चातापमा नपर्ने थिएं । अव के गर्ने ? जे हुनु भइसक्यो ।'

पञ्चमहापापमध्ये एउटा पाप हो बुबाको हत्या गर्नु । देवदत्तले पनि पञ्चमहापाप गरेको छ – भगवान बुद्धलाई ढुंगाले हिर्काएर शरीरबाट रगत निकालेको । भगवान बुद्धलाई दुःख दियो । देवदत्तको संगतमा परेर 'यस्तो अवस्थामा पुगें । मलाई शान्ति छैन' भगवान बुद्धलाई नमस्कार गर्दै अजातशत्रुले भन्यो– 'भो भगवान । आज तपाईंको उपासक जीवक वैद्यको आश्रय लिएर उसको सहारामा उसको अगुवाइमा म यहाँसम्म पुगें । केही हदसम्म शान्ति त भयो । आइन्दा म सतर्क हुन्छु । तैपनि त्यो पापबाट मुक्त त हुन सक्दिन । आफ्नो बाबुको हत्या गरेको छुं तैपनि म आइन्दा अरु पाप गर्ने छैन । परेको धर्मको काममा म सहयोग दिन्छु' भनेर उसले पछि खुव भिक्षुहरूको आदर गर्न थाल्यो । भगवान बुद्धको महापरिनिर्वाणपछि प्रथम संगायनाको दाता भएर सहयोग दियो ।


https://dhamma.digital

उनमा स्रोतापन्न हुने सँस्कार थियो, त्यस्तो सँस्कार भएको व्यक्ति थियो । तर मूर्ख, दुष्ट देवदत्तको संगतमा परेर उसले नराम्रो फल भोग्नुपर्‍यो । जिउँदै नरकमा परेको छ । अशान्त चित्त भएर, सुत्न नसकेर, पश्चाताप गर्दै समय बिताउनुपर्‍यो ।

त्यसैले यहाँ जीवक वैद्यको चरित्र बारे मैले उल्लेख गरें । अरु सबैले आ-आफ्नो गुरुको प्रशंसा गरेर आफ्नो गुरुकहां लाने कोशिस गरे । तर त्यो जीवक वैद्यले भगवान बुद्धको प्रशंसा गरेन । 'राजालाई थाहा छ, भगवान बुद्ध मेरो आम्रवनमा विहार गर्दै हुनुहुन्छ भनेर । त्यसैले उहाँले आफैले भन्नुहुन्छ भगवान बुद्धसमक्ष लानको लागि । अनि मात्र म भगवान बुद्धको नाम लिन्छु, लानको लागि बाटो देखाउंछु ।' यो बौद्ध चरित्र हो । अबौद्धहरूमा, अरुअरुमा त्यस्तो चरित्र छैन । अरुहरूमा पनि यस्तो चरित्र हुनुपर्छ ।


https://dhamma.digital

# कृषा गौतमी

**– विद्यावती मालविका**
*नेपालभाषा अनुवादिका* – **माधवी गुरुमां**
*नेपालीभाषा अनुवादिका* – **वीर्यवती गुरुमां**

जसले साधारण वस्त्रधारण गरी त्यागमयी भिक्षुणी जीवनलाई आफ्नो जीवनको आदर्श बनाइन्, जसले त्यस पद प्राप्त गर्नका लागि जन्म-जन्मान्तर देखि कठिन साधना गर्दैआइन्, दुःखरूपी सांसारिक भुमरीमा फसी आकुल ब्याकुल बनेकी बेला जसले त्यस महान ज्योतीको शरण देखिन् जुन ज्योतीले उनको अन्धकारको पर्दालाई नष्ट-भ्रष्ट पारेर उनलाई मुक्तिको मंगलमयी मार्ग देखाइदियो, अनि त्यहि मार्गमा साहसपूर्वक अगाडि बढेर अर्हत् जस्तो श्रेष्ठ पद प्राप्त गर्न सफल भईन्, त्यस नारीरत्नको नाम थियो, "गौतमी" ।

नारी जातीलाई जन्मैदेखि थुप्रै प्रकारका पारिवारिक झंझटहरूमा अल्झिनु पर्ने हुन्छ। त्यसमाथि निर्धन घरकी छोरी भएमा झन् ठूलो दुःख, उपेक्षा, घुर्की र कठोर परिश्रमको सागरमा छट्पटिनु पर्नेहुन्छ। यदि उनीहरू त्यहाँबाट माथि उम्कन सफल भए पनि बारम्बार निर्धनताको पहाडमा ठक्कर खाइराख्नु नै पर्ने हुन्छ, जसले गर्दा उनको कोमल मनले रचेका कैयौं सपनाका संसारहरू चकनाचूर हुन जान्छ। श्रावस्ती निवासी एक गरीब कुलकी छोरी गौतमीलाई पनि बाल्यावस्थादेखि नै दुब्ली पातली भएकी कारणले कृषा गौतमी भनी नामाकरण गरिएको थियो।


https://dhamma.digital

आफ्ना गरीब आमाबुबाको छत्रछायाँमा स्नेहको केही सुख अनुभव गर्दै गौतमीले आफ्नो बाल्यावस्था पार गरी यौवनावस्थामा पुगेकी थिइन् । यौवनावस्थामा पुगेपछि उनकी मातापिताले विचार गरेका थिए– "कुनै राम्रो कुलमा विवाह गरेर पठाइदिन पाए आफ्नी दुःखी छोरीले सुखी जीवन बिताएको हेर्न पाउने थियो ।" तर सर्वस्व त्याग गरेर पनि तिनीहरूले उनीलाई सुखी बनाउन सकेनन् ।

ससुरालीमा पाइला टेकेदेखि नै सासु, नन्द र अन्य परिवारजनले उनलाई गरिब भएको कारण हेला र तिरस्कार गर्दै अपमान गर्न थाले । तैपनि कसैले नदेख्नेगरी पछ्यौराको टुप्पोले आँसु पुछ्दै ती सबै दुःखलाई सहेर बस्थिन् । उनी आफ्ना पति र सासु ससुराको सेवा गरिरहिन् । घरको सम्पूर्ण काम उनी एक्लैले गर्नु पर्थ्यो । बिहान सबेरै उठे देखिन् बेलुकी सबैजना सुत्न नगएसम्म संधैं उनलाई परिश्रम गर्नुपर्थ्यो । यस्तो गर्दै कृषा गौतमीको जीवनमा एकदिन बसन्त छायो । उनी गर्भवती भइन् । अनि उनीलाई एउटा पुत्ररत्न पनि प्राप्त भयो । भरखर जन्मेको बालक अति सुन्दर थियो । आफ्नो वंशको प्रदिप नातीलाई देख्न पाएकोमा उनकी सासु ससुराको खुशीको सीमा थिएन । नाती जन्माएकी आमा भएकी हुनाले उनीहरूले बुहारी गौतमीलाई पनि राम्रो व्यवहार गर्नथाले ।

आफ्नी आमाको सुख-शौभाग्यको प्रतिक बनेको त्यो बालक हुर्कदै नयाँ नयाँ तरीकाले खेल्न जान्ने भयो । कृषा गौतमीले आफ्नो छोराको स्याहार-सुसार गर्दै उसको बालक्रिडा हेरेर रमाउने गर्थिन् । तर एकदिन अचानक उनको जीवनमाथि बज्रपात भयो । उनको छोरालाई एउटा सर्पले टोक्यो । बालकको मृत्यु नै हुन पुग्यो । कृषा गौतमी मुर्छा परिन् । मूर्छाबाट बिउँझेपछि पनि उनीमा होश थिएन । आफ्नो छोराको मृत शरीरलाई बोकेर यताउति भौंतारिदै


https://dhamma.digital

बहुलाई झैं "मेरो छोरालाई औषधी गरिदेउ न" भन्दै कराएर हिंड्न थालिन् । बटुवाहरू उनको दुःख देखेर दया प्रकट गर्थे, तर उनको दुःख मेटाउनु कसैको बसको कुरा थिएन । कसैले भन्यो– "कृषा ! भगवान् तथागतले मात्र तिमीलाई यसको औषधी उपचार गर्न सक्नुहुन्छ ।"

भगवान् बुद्ध धर्मोपदेश गर्दै हुनुहुन्थ्यो । उहाँलाई देख्ने बित्तिकै कृषा गौतमी दगुरेर गई उहाँको पाऊपरेर रूँदै भनिन्– "म मेरो पति र उसको परिवारजनबाट हेला गरिएकी नारी हुँ । यस संसारमा मेरो भन्नु नै यही एउटा छोरो थियो । त्यसको पनि आज यस्तो हालत भयो । भगवान्, दया राखेर यसलाई जिउँदो पारिदिनुस् ।"

भगवान् बुद्धले ती शोकले बिह्वल भएकी ममतामयी मातालाई सम्झाउन बुझाउन खोज्नु भयो, तर उनलाई न सम्झाउनै सक्नुभयो न उनको रूवाईलाई नै बन्द गराउन सक्नुभयो । अनि उहाँले भन्नुभयो–

"गौतमी ! तिमी एक मुट्ठी तोरी लिएर आउ । तर तिमीले त्यस्तो घरबाट त्यो तोरी ल्याउनुपर्छ, जुन घरमा कहिल्यै पनि कोही नमरेको हुनुपर्छ । अनि तिम्रो छोरा जीवित हुनेछ ।"

अनि गौतमी घर-घर पिच्छे गएर एक मुट्ठी तोरी माग्न थालिन् । दयालु मानिसहरू उनलाई तोरी दिन ल्याउँथ्यो । तर जब उनले तिनीहरूको परिवारमा कोही मरिसकेको छ कि छैन भनी सोध्थे र त्यसको जवाफमा कोही न कोही परिवारजन पहिला मरिसकेको छ भन्ने उत्तर पाउँथिन्, उनी फेरि अर्को घरमा माग्न जान्थिन् । उनीले त्यस्तो कुनै घर भेट्टाउन सकेनन् जहाँ पहिले कोहि पनि मरेको थिएन । अन्त्यमा निराश भएर कृषा गौतमीले भगवान्


https://dhamma.digital

बुद्ध समक्ष फर्केर गई भनिन्– "भगवान्! तपाईंले कस्तो तोरी ल्याउनु भन्नुभयो ? त्यस्तो तोरी त मैले ल्याउन सकिन। कोही पनि मानिस नमरेको घर त मैले भेट्टाउन नै सकिन।" त्यसपछि दिनुभएको भगवान् बुद्धको अमृतमय वाणी सुनेर उनीले ज्ञान बुझि लिइन्। अनि उनी भगवान् बुद्धको श्रीचरणमा झुकिन्।

त्यो मंगलमय उपदेश यस्तो रहेको थियो– "कृषे ! जन्म मरण भनेको संसारको नियम हो। दुःख तिमीलाई मात्र परेको होइन, सबैलाई पर्ने गर्छ। तैपनि तिमी मात्र किन यसरी दुःखी बनेको ?"

यति बुद्ध वचन सुनिसकेपछि उनको मनबाट शोकरूपी अन्धकार मेटियो। उनले आफ्नो मृत छोराको अन्तिम संस्कार गरिन्। त्यसपछि उनी प्रव्रज्या ग्रहण गरी भिक्षुणी भइन्। त्रिरत्नको शरणमा गई धर्म-ज्ञान प्राप्त गरेर उनले अर्हतत्व प्राप्त गरिन्।

अनि उनले आफ्नो पूर्व जन्मको घट्ना सम्झँदै भन्ने गर्थिन्– "पूर्व जन्ममा भगवान् पद्मोत्तर बुद्धको समयकालमा मैले क्षेत्रीय सामन्तको लावण्यवती कन्याको रूपमा जन्म लिएकी थिएँ। म भगवान्को उपदेश सुन्न जाने गर्थें। एकदिन एकजना त्यागमयी काषायवस्त्र धारण गरेकी भिक्षुणीलाई भगवान् पद्मोत्तर बुद्धबाट प्रशंसा भएको देखेपछि मलाई पनि भिक्षुणी बन्ने ईच्छा भएको थियो, तर त्यो जन्ममा मेहनत गर्दागर्दै पनि मैले त्यो ईच्छालाई पूरा गर्न सकिन।

अहिले म भगवान् गौतम बुद्धको पालामा आएर श्रावस्तीको एउटा निर्धन परिवारमा जन्म लिएर दुःख भोग्दै महाकारूणिकको शरणमा पुगेकी छुँ। अब मेरो जन्म-जन्मान्तरको कामना पूर्ण भयो।"


https://dhamma.digital

ज्ञानप्राप्तिको उल्लासमा उनले जुन गाथा सुनाएकी थिइन् त्यसमा संसारको अनित्यता, नारी जीवनको दु:ख र निर्वाण-सुखलाई सुन्दर रूपमा चित्रण गरिएको छ। आज कृषा गौतमी हाम्रो अगाडि नभएपनि उनले रचेका गाथाले उनको स्मृतिलाई जीवित राखेको छ।

भिक्षुणी कृषा गौतमीले भनेकी थिइन्– "नारी भई जन्म लिनु नै दु:ख हो। मानिसको यस्तो दु:खी चित्तलाई शान्त पार्न सक्ने व्यक्ति तथागत मात्र हुनुहुन्छ।"

"सन्तान जन्म दिनु दु:ख हो। गर्भले कहिलेकाहिं आमाको पेटमा आएर आफ्नो र गर्भवती आमालाई विनाश गर्ने गर्दछ।"

"आफूमाथि आइपरेको दु:ख सहन नसकेर कोही नारीहरू विष सेवन गर्ने गर्छन् भने कोहि झुण्डिएर आत्महत्या गर्ने गर्छन्। तर अमरत्वमा पुऱ्याउने आर्य अष्टाङ्गिक मार्गको पालना गरी मैले निर्वाणलाई साक्षात्कार गरें।"

"मृत्युबाट अलग्ग रहेको निर्वाणरूपी अमृत प्राप्त गरें।"

उनीले यस्तो पनि भनेकी थिइन्– "म आज वेदनाबाट मुक्त भइसकें। मैले गर्नुपर्ने सबै कर्तब्य पूरा गरिसकें। म कृषा गौतमीले यो भनिरहेकी छु।"

भिक्षुणी कृषा गौतमीले चीर-दु:खी नारीजनको दु:खलाई चित्रण गर्दै स्पष्ट भनेकी थिइन्– "त्रिरत्नको शरणमा गएमा उनीहरूलाई दु:खबाट मुक्ती प्राप्त हुनेछ।"


https://dhamma.digital

# मैत्री भावना

१. अहं अवेरो होमि, अव्यापज्जो होमि अनीघो होमि सुखी अत्तानं परिहरामि दुक्खा मुच्चामि यथा लद्ध सम्पत्तितो मावि गच्छामि कम्मस्सको ॥

२. मम आरक्ख देवता अवेरा होन्तु अव्यापज्जा होन्तु अनीघा होन्तु सुखि अत्तानं परिहरन्तु दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तितो मा विगच्छन्तु कम्मस्सका ॥

३. इमस्मिं आरामे आरक्ख देवता पट्ठाय भुमट्ठ देवता, रूक्खत्थ देवता आकासत्थ देवता सब्ब देवतायो अवेरा होन्तु अब्यापज्जा होन्तु अनिघा होन्तु सुखि अत्तानं परिहरन्तु दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तितो मा विगच्छन्तु कम्मस्सका ॥

४. मम माता पिता आचरिया ञाति समूहा उपासक, उपासिका अम्हाकं चतुपच्चय दायका पटिघ पुग्गला वेरी पुग्गला पिय पुग्गला मज्झत्थ पुग्गला अवेरा होन्तु अव्या पज्जा होन्तु अनीघा होन्तु सुखि अत्तानं परिहरन्तु दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तितो मा विगच्छन्तु कम्मस्सका ॥


https://dhamma.digital

५. अम्हाकं गोचर गामे जेट्ठक मनुस्से आदि कत्वा सब्बे सत्ता सब्बे पाणा, सब्बे भूता, सब्बे पुग्गला, सब्बे अत्तभाव परिया पन्ना, सब्बा इत्थियो सब्बे पुरिसा, सब्बे अरिया, सब्बे अनरिया सब्बे देवा, सब्बे मनुस्सा, सब्बे विनिपातिका अवेरा होन्तु अब्यापज्जा होन्तु अनीघा होन्तु सुखि अत्तानं परिहरन्तु दुक्खा मुच्चन्तु यथा लद्ध सम्पत्तित्तो मा विगच्छन्तु कम्मस्सका ॥

६. पुरत्थिमाय दिशाय, पच्छिमाय दिशाय, उत्तराय दिशाय, दक्खिणाय दिशाय, पुरत्थिमाय अनुदिशाय, पच्छिमाय अनुदिशाय, उत्तराय अनुदिशाय, दक्खिणाय अनुदिशाय, हेट्ठिमाय दिशाय उपरिमाय दिशाय सब्बे सत्ता, सब्बे पाणा, सब्बे भूता, सब्बे पुग्गला, सब्बे अत्तभाव, परिया पन्ना, सब्बा इत्थियो, सब्बे पुरिसा, सब्बे अरिया, सब्बे अनरिया, सब्बे देवा सब्बे मनुस्सा सब्बे विनिपातिका अवेरा होन्तु अव्यापज्जा होन्तु अनिघा होन्तु सुखि अत्तानं परिहरन्तु, दुक्खा मुच्चन्तु, यथा लद्ध सम्पत्तितो, मा विगच्छन्तु, कम्मस्सका ॥


https://dhamma.digital

७. उद्धंयाव भवग्गाच अधोयाव अविचितो समन्ता चक्कवालेसु ये सत्ता पठवी चरा अब्यापज्जा निवेरा च निदुक्खा च नुप्पद्दवा। उद्धंयाव भवग्गा च अद्धोयाव अवीचितो समन्ता चक्क वालेसु ये सत्ता उदके चरा अब्यापज्जा निवेरा च निदुक्खा च नुपद्दवा। उद्धंयाव भवग्गा च अधोयाव अवीचितो समन्ता चक्क वालेसु ये सत्ता आकासे चरा अब्यापज्जा निवेरा च निदुक्खा च नुप्पद्दवा॥


https://dhamma.digital

# मैत्री भावना गर्ने विधि

१) अहं – म

अवेरो होमि – शत्रु भाव राखी काम नगर्ने (अवैरी) हुन सकुँ ।

अब्यापज्जो होमि – द्वेष र रीस नभएको हुन सकुँ ।

अनीघो होमि – दुःख नभएको ब्यक्ति हुन सकुँ ।

सुखी अत्तानं परिहरामी – सुखपूर्वक रहन सकुँ ।

दुक्खा मुच्चामि – दुःखबाट मुक्त हुन सकुँ ।

यथा लद्ध सम्पत्तितो – प्राप्त भएको सम्पत्ति ।

मावि गच्छामि – गुमाउन नपरोस् (नाश नहोस्) ।

कम्मस्सको – कर्मको अधीनमा रहेको छ ।

२) मम आरक्ख देवता – मेरा आरक्षक देवताहरू ।

अवेरा होन्तु – मैत्री सहितका होउन् ।

अब्यापज्जा होन्तु – क्रोधी (शोक भएका) नहोउन् ।

अनीघा होन्तु – दुःख नभएका होउन् ।

सुखी अत्तानं परिहरन्तु – सुखपूर्वक रहन सकुन् ।



https://dhamma.digital

दुक्खा मुच्चन्तु – दुःखबाट मुक्त होउन् ।
यथा लद्ध सम्पत्तितो – प्राप्त भएका सम्पत्ति ।
मा विगच्छन्तु – नाश नहोस्, गुमाउनु नपरोस्, अलग्ग नहोस् ।
कम्मस्सका – कर्मको अधीनमा रहेको छ अर्थात् (कर्म आफ्नो हो) ।

३) इमस्मिं आरामे – यस आराममा (रहँदै आएका) ।
आरक्ख देवता पट्ठाय – आरक्षक देवता देखि लिएर ।
भुमट्ठ देवता – भूमीमा रहेका देवता ।
रुक्खत्थ देवता – रूखमा रहेका देवता ।
आकासट्ठ देवता – आकासमा रहेका देवता ।
सब्ब देवतायो – सबै देवताहरू ।
अबेरा होन्तु – अबैरी होउन् (शत्रु भाव नभएका)
अब्यापज्जा होन्तु – द्वेषभाव नभएका होउन् ।
अनीघा होन्तु – निदुःखी होउन् ।
सुखी अत्तानं परिहरन्तु – सुखपूर्वक रहन पाउन् ।
दुक्खा मुच्चन्तु – दुःखबाट मुक्त होउन् ।
यथालद्ध सम्पत्तितो – प्राप्त भएका सम्पत्ति ।


https://dhamma.digital

मा विगच्छन्तु – बिनाश नहोस् ।

कम्मस्सका – कर्मको अधीन हो (कर्म आ आफ्नो हो) ।

४) मम माता पिता आचरिया – मेरा आमा, बुबा र गुरु ।

ञाति समूहा – आफ्ना नाता कुटुम्बहरू ।

उपासक, उपासिका – उपासक, उपासिकाहरू ।

अम्हाकं चतुपच्चय दायका – मेरा चतुप्रत्यय दाताहरू ।

पटिध पुग्गला – शत्रुहरू ।

वेरी पुग्गला – घुणा गर्ने ब्यक्तिहरू ।

पिय पुग्गला – मनपर्ने ब्यक्तिहरू ।

मज्भत्थ पुग्गला – सामान्य मानिसहरू ।

अवेरा होन्तु – अबैरी होउन् ।

अब्या पज्जा होन्तु – द्वेष भाव नभएका होउन् ।

अनीघा होन्तु – दुःख (कष्ट) नएका होउन् ।

सुखी अत्तानं परिहरन्तु – सुखी होउन् ।

दुक्खा मुच्चन्तु – दुःखबाट मुक्त होउन् ।

यथालद्ध सम्पत्तितो – यथा लाभ भएका सम्पत्ति ।


https://dhamma.digital

मा विगच्छन्तु – नाश नहोस् ।
कम्मस्सका – कर्म आ–आफ्नो हो ।
(कर्मको अधीनमा छ ।)

५) अम्हाकं गोचर गामे – हाम्रो गाउँको (नगरको) ।
जेट्ठक मनुस्से आदिकत्वा – प्रमुख भएका सहित सबै ।
सब्बे सत्ता – सबै (प्राणीहरू) सत्त्वहरू ।
सब्बे पाणा – सबै प्राणीहरू ।
सब्बे भूता – सबै भूतहरू ।
सब्बे पुग्गला – सबै व्यक्तिहरू ।
सब्बे अत्तभाव – सबै शरीर ।
परिया पन्ना – अन्तर्गत ।
सब्बा इत्थियो – सबै नारीहरू ।
सब्बे पुरिसा – सबै पुरुषहरू ।
सब्बे अरिया – सबै आर्यहरू ।
सब्बे अनरिया – सबै अनार्यहरू ।
सब्बे देवा – सबै देवताहरू ।
सब्बे मनुस्सा – सबै मानिसहरू ।
सब्बे विनिपातिका – सबै दुर्गतिमा परेकाहरू ।


https://dhamma.digital

अवेरा होन्तु – अबैरी होस् ।

अब्यापज्जा होन्तु – दौर्मनष्य नभएका होउन् ।

अनीघा होन्तु – निर्दुःखी होउन् ।

सुखी अत्तानं परिहरन्तु – सुखी होउन् ।

दुक्खा मुच्चन्तु – दुःखबाट मुक्त होउन् ।

यथा लद्ध सम्पत्तितो – यथा लाभ भएको सम्पत्ति ।

मा वि गच्छन्तु – विनाश नहोस् ।

कम्मस्सका – कर्म अनुसार हुने हो (कर्म आ–आफ्नो हो) ।

६) पुरत्थिमाय दिशाय – पूर्व दिशामा रहेका ।

पच्छिमाय दिशाय – पश्चिम दिशामा रहेका ।

उत्तराय दिशाय – उत्तर दिशामा रहेका ।

दक्खिणाय दिशाय – दक्षिण दिशामा रहेका ।

पुरत्थिमाय अनुदिशाय – पूर्वदिशाको कुना कुनामा रहेका ।

पच्छिमाय अनुदिशाय – पश्चिम दिशाको कुना कुनामा रहेका ।

उत्तराय अनुदिशाय – उत्तर दिशाको कुना कुनामा रहेका


https://dhamma.digital

**दक्खिणाय अनुदिशाय – दक्षिण दिशाको कुना कुनामा रहेका**

**हेट्ठिमाय दिशाय – तलको दिशामा रहेका**

**उपरिमाय दिशाय – माथिको दिशामा रहेका**

**सब्बे सत्ता – सबै सत्त्वहरू**

**सब्बे पाणा – सबै प्राणीहरू**

**सब्बे भूता – सबै भूतहरू**

**सब्बे पुग्गला – सबै पुद्गलहरू ।**

**सब्बे अत्तभाव परियापन्ना – सबै शरीर अन्तरगत ।**

**सब्बे इत्थियो – सबै नारीहरू ।**

**सब्बे पुरिसा – सबै पुरुषहरू ।**

**सब्बे अरिया – सबै आर्यहरू ।**

**सब्बे अनरिया – सबै अनार्यहरू ।**

**सब्बे देवा – सबै देवताहरू । सब्बेमनुस्सा – सबै मानिसहरू**

**सब्बे विनिपातिका – दुर्गतिमा परका सबै ।**

**अवेरा होन्तु – अवैरी होस् ।**

**अब्यापज्जा होन्तु – दुष्ट मन भएका नहोउन् ।**

**अनीधा होन्तु – निर्दुःखी होस् ।**

**सुखी अत्तानं परिहरन्तु – सुखपूर्वक रहन सकुन् ।**



Dhamma.Digital
https://dhamma.digital

दुक्खा मुच्चन्तु – दुःखबाट मुक्त हुन सकुन् ।
यथा लद्ध सम्पत्तितो – यथा लाभ भएका सम्पत्ति ।
मा विगच्छन्तु – विनाश नहोस् ।
कम्मस्सका – कर्म आ–आफ्नै हो । कर्मको अधीनमा रहेको छ ।

७) उद्धंयाव भवग्गाच – माथि जाँदा जाँदै अकनिष्ट ब्रह्मलोकसम्म ।
अधोयाव अवीचितो – तल जाँदा जाँदै अवीचि नर्कसम्म
समन्ता चक्कवालेसु – संसारको चारैदिशामा रहेका
ये सत्ता पठवी चरा – पृथ्वीमा रहेका सबै
अब्यापज्जा – दुःखी मन नभएका
निवेराच – शत्रु नभएका
निदुक्खाच – दुःख नभएका
नुपद्धवा – विघ्न बाधा रहित होस् ।
उद्धंयाव भवग्गाच – माथि जाँदा जाँदा । अकनिष्ट ब्रह्मलोकसम्म ।
अद्धोयाव अवीचितो – तल जाँदा जाँदा अवीचि नर्कसम्म ।


https://dhamma.digital

समन्ता चक्क वालेसु – समस्त चक्रवालमा रहेका

ये सत्ता उदके चरा – पानीमा रहेका।

अब्यापज्जा – रीस राग नभएका होउन्।

निवेराच – शत्रु भाव नभएका होउन्।

निदुक्खाच – निर्दुःखी होउन्।

नुपद्धवा – निरूपद्रव, उपद्रव नभएका होउन्।

उद्धंयाव भवग्गाच – माथि जाँदा जाँदा अकनिष्ट ब्रह्मलोकसम्म।

अधोयाव अवीचितो – तल गएर अवीचिनर्कसम्म।

समन्ता चक्कवालेसु – समस्त चक्रवालमा रहेका।

ये सत्ता आकासे चरा – आकाशमा रहेका।

अब्यापज्जा – दौर्मनष्य नभएका होउन्।

निवेराच – शत्रु रहित कार्य गर्ने होउन्।

निदुक्खाच – निर्दुःखी होउन्।

नुपद्धवा – उपद्रव नभएका होउन्।


https://dhamma.digital

# विघ्नबाधा हटिने सूत्र

| | | | |
|---|---|---|---|
| १) | हेतु पच्चयो | (जरा) | Root Condition |
| २) | आरम्मण पच्चयो | (आधार) | Object Condition |
| ३) | अधिपति पच्चयो | (प्रमुख, प्रवलता) | Predominance Condition |
| ४) | अनन्तर पच्चयो | (निरन्तरता) | Contiguity Condition |
| ५) | समनन्तर पच्चयो | (राम्रो निरन्तरता) | Immediacy Condition |
| ६) | सहजात पच्चयो | (संगसंगै) | Co-nascence Condition |
| ७) | अञ्ञमञ्ञ पच्चयो | (पारस्परिक) | Mutuality Condition |
| ८) | निस्सय पच्चयो | (एकले अर्का माथि भर पर्ने) | Dependence Condition |
| ९) | उपनिस्सय पच्चयो | (बलियो आदर्श) | Powerful Condition |
| १०) | पुरेजात पच्चयो | (पहिला नै उपस्थित भएको) | Pre-nascence Condition |
| ११) | पच्छाजात पच्चयो | (पछिल्लो आधार) | Post-nascence Condition |
| १२) | आसेवन पच्चयो | (बारम्बार दोहऱ्याउने) | Repetition Condition |
| १३) | कम्म पच्चयो | (कर्म) | Kamma Condition |
| १४) | विपाक पच्चयो | (कर्मको फल) | Kamma Result Condition |
| १५) | आहार पच्चयो | (पोषण) | Nutriment Condition |
| १६) | इन्द्रिय पच्चयो | (इन्द्रिय) | Faculty Condition |
| १७) | झान पच्चयो | (ध्यान) | Jhana Condition |
| १८) | मग्ग पच्चयो | (मार्ग) | Path Condition |
| १९) | सम्पयुत्त पच्चयो | (घुलमिल) | Association Condition |
| २०) | विप्पयुत्त पच्चयो | (छुट्टाछुट्टै) | Dissociation Condition |
| २१) | अत्थि पच्चयो | (उपस्थिति) | Presence Condition |
| २२) | नत्थि पच्चयो | (अनुपस्थितिको कारणले उत्पत्ति) | Absence Condition |
| २३) | विगत पच्चयो | (लोप हुने) | Disappeearance Condition |
| २४) | अविगत पच्चयो हो तीति | (लोप नहुने) | Non-disappearance Condition |



https://dhamma.digital

## नेपाल भाषामा प्रकाशित पुस्तकहरू

१) यःम्ह म्ह्याय् (उपन्यास) न्हापांगु
२) मैत्री भावना
३) प्रेमं छु ज्वी ?
४) त्रिरत्न गुण स्मरण
५) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
६) कर्तव्य (प्र सं)
७) मिखा
८) परित्राण (प्र.सं.)
९) हृदय परिवर्तन
१०) न्हापांयाम्ह गुरु सु ?
११) बुद्धया अन्तिम यात्रा, भाग-१
१२) बुद्धया अन्तिम यात्रा, भाग-२
१३) बौद्ध ध्यान
१४) कर्म
१५) बौद्ध प्रश्नोत्तर (प्र.सं.)
१६) प्रार्थना संग्रह (ते.सं.)
१७) बाखँ, भाग-१
१८) बोधिसत्व
१९) अनत्त लक्खण सुत्त (द्वि.सं.)
२०) शाक्यमुनि बुद्ध
२१) मत्ति भिंसा गति भिनी
२२) बाखँ, भाग-२
२३) धम्मचक्कप्पवत्तन सुत्त (प्र.सं.)
२४) बाखँ, भाग-३
२५) लक्ष्मी द्यो
२६) महास्वप्न जातक (द्वि.सं.)
२७) अभिधर्म, भाग-२ (प्र.सं.)
२८) क्षान्ति व मैत्री (प्रथमावृत्ति)
२९) जातक बाखँ
३०) बाखँया फल, भाग-२
३१) राहुलयात तथागतया उपदेश
३२) बाखँ, भाग-२ (द्वि.सं)
३३) प्रार्थना संग्रह (चौथौ प्र.)
३४) प्रौढ बौद्ध कथा (प्र.सं.)
३५) बुद्धया अर्थनीति (द्वि.सं)
३६) श्रमण नारद (प्र.सं.)
३७) मूर्खम्ह पासा मज्यू
३८) उखानया बाखँ पुचः (प्र.सं.)
३९) पालि भाषा अवतरण, भाग-१ (प्र.सं.)
४०) ललितविस्तर (द्वि.सं.)
४१) न्हापांयाम्ह गुरु सु ? (द्वि.सं)
४२) पालि प्रवेश, भाग-१
४३) चमत्कार
४४) मणिचूड जातक (द्वि.सं)
४५) महाजनक जातक
४६) गृही विनय ? (च.सं.)
४७) राहुलयात तथागतया उपदेश (द्वि.सं)
४८) बाखँ, भाग-४ (प्र.सं.)
४९) चरित्र पुचः
५०) अभिधर्म (चित्त काण्ड छगूया संक्षिप्त परिचय) (प्र.सं.)
५१) परित्राण (द्वि.सं.)
५२) सप्तरत्न धन (प्र.सं.)
५३) महा-सतिपट्ठान सूत्र
५४) शान्तिया त्वाथः (द्वि.सं)
५५) चरित्र पुचः, भाग-२
५६) बुद्ध व शिक्षा (क) (प्र.सं.)
५७) बौद्ध ध्यान, भाग-२
५८) जातकमाला, प्रथम भाग (तृ सं.)
५९) विश्व धर्म प्रचार देशना, भाग-२
६०) लुम्बिनी विपस्सना
६१) विश्व धर्म प्रचार देशना, भाग-१
६२) योगीया चिठी (प्र.सं.)
६३) संक्षिप्त बुद्ध जीवनी (चतुर्थ सं.)
६४) जातक बाखँ (द्वि.सं)
६५) बुद्ध-धर्म (द्वि.सं.)
६६) मिखा (द्वि.सं.)
६७) पालि प्रवेश, भाग-१,२
६८) सर्वज्ञ, भाग-१
६९) जातकमाला, भाग-२ (तृ.सं.)
७०) जप पाठ व ध्यान
७१) किसा गौतमी (प्र.स)
७२) धम्मपद (श्लोकवद्ध भावानुवाद) (द्वि.सं)
७३) धर्म मसीनि
७४) तेमिय जातक
७५) वम्मिक सुत्त
७६) मध्यम मार्ग
७७) त्रिरत्न गुण लुमंके (द्वि.सं.)
७८) सर्वज्ञ, भाग-२
७९) दान
८०) बाखँ, भाग-५
८१) भिम्ह म्ह्याय् व काय्
८२) भिक्षु जीवन
८३) महानारद जातक
८४) विवेक-बुद्धि
८५) समथ व विपस्सना संक्षिप्त भावना विधि
८६) भिंम्ह मचा
८७) बुद्धपूजा विधि (प्र.सं)
८८) स्वास्थ्य लाभ
८९) शिक्षा, भाग-१ (प्र.सं.)
९०) दृष्टि व तृष्णा ल्यहँ थनेगु उपदेश
९१) झंगः लाइम्ह लाखे (किपा हना बाखँ)
९२) विपस्सना ध्यान

https://dhamma.digital

## नेपाल भाषामा प्रकाशित पुस्तकहरू

९३) शिक्षा, भाग-२ (प्रथमावृत्ति)
९४) सतिपट्ठानभावना (प्र.सं.)
९५) त्रिरत्न वन्दना
९६) गौतम बुद्ध (द्वि.सं)
९७) बाखँ, भाग-६
९८) नेपालय् २५ दँ जिगु लुमन्ति
९९) धम्मचक्कप्पवत्तन सुत्त (द्वि.सं.)
१००) शिक्षा, भाग-३ (प्र.सं.)
१०१) शिक्षा, भाग-४ (प्र.सं.)
१०२) बुद्ध व शिक्षा (ख)
१०३) धम्मपद व्याख्या, भाग-१ (प्र.सं.)
१०४) धम्मपदया बाखँ (प्र.सं.)
१०५) त्रिरत्न वन्दना व सूत्र पुचः (प्रथमावृत्ति)
१०६) विशेष बौद्ध
१०७) त्रिरत्न वन्दना व
पञ्चशीलया फलाफल (छैठौं सं.)
१०८) अभिधर्म, प्रथम भाग (द्वि.सं.)
१०९) संसारया स्वापू (प्र सं.)
११०) परित्त सुत्त (प्र.सं.)
१११) धम्मपद (मूल पालि सहित नेपाल
भाषाय् अनुवाद) (पाँ.सं.)
११२) बौद्ध नैतिक शिक्षा, भाग-१
११३) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
११४) आदर्श बौद्ध महिलापिं (द्वि.सं.)
११५) वेस्सन्तर जातक (तृतीयावृत्ति)
११६) दीर्घायु जुइमा
११७) त्रिरत्न गुण लुमंके ज्ञानया मिखा चायके
११८) न्हूगु त्रिरत्न वन्दना व धम्मपद
११९) निर्वाण (रचना संग्रह)
१२०) मनूतय्‌गुपहः (प्र.सं.)
१२१) कर्तव्य (द्वि.सं)
१२२) महास्वप्न जातक (द्वि.सं)
१२३) संस्कृति (प्र.सं.)
१२४) श्रमण नारद (द्वि.सं)
१२५) बुद्धया करुणा व ब्रह्मदण्ड (प्र.सं.)
१२६) विशेषं म्हं मफइबले पाठ यायेगु परित्राण (प्र.सं.)
१२७) विरकुशया बाखँ
१२८) त्रिरत्न वन्दना व परित्राण (सं.)
१२९) कर्म व कर्मफल
१३०) शिक्षा, भाग-५
१३१) पट्ठान पालि (प्रथम भाग)
१३२) धर्मया ज्ञान, भाग-२
१३३) संक्षिप्त बुद्धवंश (प्रथम भाग) (प्र.सं.)
१३४) संक्षिप्त बुद्धवंश (दोश्रो भाग) (प्र.सं.)
१३५) अभिधर्म, भाग-२ (द्वि.सं.)
१३६) कर्म (द्वि.सं.)
१३७) न्हापांयाम्ह गुरु सु ? (द्वि.सं.)
१३८) अनत्त लक्खण सुत्त (दि.सं.)
१३९) अभिधर्म पालि (प्र.सं.)
१४०) बुद्ध पूजा, धम्मपद व ज्ञानमाला (प्र.स.)
१४१) त्रिरत्न वन्दना व परित्राण (द्वि.सं.)
१४२) धम्मचक्कप्पवत्तन सुत्त (तृ.सं.)
१४३) बुद्ध वन्दना विधि व बुद्धया झिंनिगू विपाक
१४४) मनूतय्‌गुपह (द्वि.सं.)
१४५) प्रौढ बौद्ध कथा (द्वि.सं.)
१४६) न्हापायाम्ह गुरु सु ? व अमूल्य धन
१४७) बौद्ध स्तुती पुचः
१४८) तिरतन वन्दना परित्त सुत्त (तेहौं सं.)
१४९) सूत्र पुचः (प्र.सं.)
१५०) त्रिरत्न वन्दना व परित्राण (च.सं.)
१५१) शाक्यमुनि बुद्ध (दि.सं.)
१५२) तृष्णा (द्वि.सं.)
१५३) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५४) त्रिरत्न वन्दना व परित्राण (तृ.सं.)
१५५) सीवली (प्र.सं.)
१५६) अनागत वंश
१५७) सच्च विभङ्ग सुत्त
१५८) त्रिरत्न गुण लुमंके
१५९) मनू तयेगु पहः व प्रेमं छु ज्वी ?
१६०) अभिधर्म पालि (दो.सं.)
१६१) त्रिरत्न-गुण स्मरण (द्वि.सं.)
१६२) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (न्हापांगु संस्करण)
१६३) धर्मकीर्ति ज्ञानमाला भजन
म्ये मुना (निक्वःगु संस्करण)
१६४) महा-सतिपट्ठान सूत्र (द्वि.सं.)
१६५) त्रिरत्न वन्दना व परित्राण (चौ.सं.)
१६६) गुरु दक्षिणा (प्र.सं.)
१६७) अभिधर्म (न्हूगु संस्करण)
१६८) श्रेष्ठ पवित्र श्रोतापन्न (दि.सं.)
१६९) धर्मकीर्तिया लुखाँ
१७०) नुगः दुने धम्मवती
१७१) तिरतन वन्दना परित्त सुत्त
मेमेगु अर्थ सहित पट्ठान पालि गाथा
१७२) नेपालय् दो गुणवती गुरुमां
१७३) बुद्धपूजा, परित्राण पाठ व बुद्ध शिक्षा
१७४) परित्राण (मूल पालि व निदान लिसें अर्थ नापं)
१७५) धम्मवती गुरुमांया च्वसां

## अंग्रेजी भाषामा प्रकाशित पुस्तकहरू

**Dharmakirti Publication English**

1) Buddhist Economics and The Modern World
2) Dharmakirti Vihar Today
3) Dharmakirti Vihar
4) “Dhammakirti in a Nutshell”
5) Dhamma and Dhammawati
6) Paritta Suttas
7) The Life of Tathagata
8) Daw Gunawati Guruma in Nepal

https://dhamma.digital